# स्थानीय राजपत्र


**बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड २ बुटवल, आषाढ ३० गते, २०७५ साल संख्या ६**


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग १

### आ.व. २०७५/०७६ का लागि नगरसभाबाट पारित नीतिहरु

प्रमुख श्री शिवराज सुवेदीद्वारा आगामी आ.व. २०७५/०७६ कालागि बुटवल उप-महानगरपालिकाको नगरसभा बैठकमा प्रस्तुत भई परिमार्जन सहित पारित भएका नीति तथा कार्यक्रमहरु,

सभाध्यक्षज्यू तथा नगरसभाका सदस्य ज्यूहरु

१. यस गरिमामय नगरसभा समक्ष स्थानीय सरकार प्रमुखको हैसियतले आगामी **आ.व. २०७५/०७६ को लागि नीति तथा कार्यक्रम** पेश गर्न पाउँदा म गौरवान्वित भएको छु ।

२. नगरसभा नेपाली जनताको त्याग बलिदान र लामो संघर्षबाट प्राप्त उपलब्धि हो । नगरसभा औपचारिक सभा मात्र नभएर सार्वभौमसत्ता सम्पन्न नेपाली जनताका प्रतिनिधिहरु रहेको ऐतिहासिक संविधानसभाबाट जारी भएको संविधानले स्थानीय तहमै लोकतान्त्रिक अभ्यास, संसदीय संस्कृति, उच्च राजनीतिक संस्कार तथा नेतृत्व विकास गराउँदै जनताका आधारभूत विषय एवं संविधानले तोकी दिएका सीमाहरुको अधीनमा रही स्थानीय विधायकी अभ्यास गर्ने नगरसभाको यस ऐतिहासिक क्षणमा सर्वप्रथम म संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको क्रममा आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते, बेपत्ता नागरिकहरुप्रति सम्मान व्यक्त गर्दछु ।

३. संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख शासन प्रणाली र सो कुराको अनुभूती दिलाउन सक्ने अवस्थामा मात्रै **"सम्वृद्ध नेपाल सुखी नेपालीको महाअभियान"** अन्तर्गत **"सम्वृद्ध बुटवल सुखी बुटवल बासीको"** परिकल्पनालाई

सार्थक बनाउन सकिन्छ भन्ने कुरामा दृढ संकल्पित रहेको व्यहोरा अनुरोध गर्दछु । लामो समयसम्म जनप्रतिनिधिहरुको रिक्तता निर्वाचनका माध्यमबाट पुरा भएको र नगर सरकारको १ वर्ष हाम्रा लागि सिक्ने, बुझ्ने अर्थात् अध्ययन वर्षका रुपमा समेत व्यतित भएको यथार्थता सम्मानित सभा समक्ष राख्न चाहन्छु । अध्ययन वर्षकै दौरानमा समेत केही सार्थक पहल र उपलब्धिहरु हासिल भएको छ । संविधान प्रदत्त स्थानीय सरकार संचालनका लागि र स्थानीय सेवा सञ्चालनका लागि अति आवश्यक केही स्थानीय कानूनहरुको तर्जुमा, वृहत शहरी योजना निर्माण जस्ता आधारभूत कार्यहरु गरिएको छ । आ.व. २०७४/०७५ लाई अध्ययन वर्ष घोषणा गरी सोको अनुभवको आधारमा आ.व. २०७५/०७६ लाई "कार्यान्वयन वर्ष" घोषणा गरी कार्यान्वयन गरिनेछ ।

४. संविधानद्वारा प्रदत्त नागरिकहरुका अधिकारलाई सुनिश्चित गर्दै मुलुकलाई आर्थिक सम्वृद्धिको मार्गमा डोऱ्याउनका लागि यस बुटवल उप-महानगरपालिकाले आफूलाई प्राप्त अधिकारहरुको प्रयोगका लागि सीमित स्रोत र साधनहरुलाई अधिकतम परिचालनद्वारा **"सबल आर्थिक केन्द्र समुन्नत बुटवल"** को दीर्घकालिन उद्देश्य राखी बुटवल उप-महानगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु

५. मुलुकमा ३ तह संघीय, प्रादेशिक र स्थानीय सरकारहरु बीच सहकारीतामा आधारित संघीयताको अभ्यासमा हामी छौं । कुनै तहको अधिकार माथिको हस्तक्षेपलाई संविधानले पूर्णतः निषेध गरी सहकार्य, सह-अस्तित्व र समन्वयका साथ संविधानको भावना अनुकुल अगाडि जाने नीति लिई सोही अनुरुप नै आगामी यात्रा अगाडि बढाइने छ । संविधान प्रदत्त नागरिकका मौलिक हकहरुको प्रचलन र राज्यका निर्देशक सिद्धान्त र नीति तथा दायित्वलाई बुटवल उप-महानगरपालिकाले आफ्नो वार्षिक नीति कार्यक्रमको अभिन्न अङ्गको रुपमा स्वीकार गर्दै आफ्नो साधन, स्रोत र क्षमताले भ्याएसम्म लागू गर्दै जाने नीति लिइनेछ । संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहको एकल अधिकारको प्रयोग गरी स्थानीय सेवा प्रवाह गर्न हामी कटिबद्ध छौं र सम्भव भएसम्म एकल अधिकारको प्रयोग गर्दा कम्तीमा पनि प्रदेश स्तरका स्थानीय सरकारहरुसम्म एकरुपता हुने गरी व्यवस्थापन गर्नु पर्दछ भन्ने मान्यता लिइनेछ । प्रदेश र संघसँगका साझा अधिकारहरुको कार्यान्वयनमा समेत स्थानीय तहलाई सुदृढ गरी संघीयतालाई सफल पार्नका लाीग केन्द्रिकृत एकात्मक मनोविज्ञानलाई संघीयता अनुकुल बनाउन आफ्नो तर्फबाट पहलकदमी लिइनेछ ।

## नीति तथा कार्यक्रमहरु

१. **स्थानीय सेवा, जनशक्ति विकास व्यवस्थापन तथा सुशासन प्रवर्द्धन सम्बन्धी नीतिहरुः-**

१.१ संविधान र कानून प्रदत अधिकारको प्रयोग गरी स्थानीय सेवालाई व्यवस्थित गर्न जरुरी भएको हुदा २०७५ असार मसान्त भित्र कर्मचारी समायोजन सम्बन्धी टुङ्गो लाग्न नसके आवश्यकताका आधारमा उपमहानगरपालिकाले आफैले संगठन अध्ययन O&M Survey गरी सोही बमोजिम संगठन र

दरबन्दी मिलान गर्ने र स्थानीय सेवालाई चुस्त गतिशील बनाउने नीति लिइनेछ ।

१.२ संविधान एवं कानूनले स्थानीय सरकारलाई प्रदान गरेका अधिकारहरु प्रयोग एवं स्थानीय सेवा व्यवस्थापनका लागि आवश्यक संगठन, संरचना, कार्यविभाजन, जनशक्ति व्यवस्थापन तथा जनप्रतिनिधि कर्मचारीहरुको ज्ञान सीप क्षमताको अभिवृद्धि गराउने र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१.३ सुशासनका आधारभूत सिद्धान्तहरुप्रति पूर्ण प्रतिबद्ध रही, भ्रष्ट आचरण र भ्रष्ट कार्यशैलीका विरुद्ध नागरिक खबरदारी, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण र सदाचार जीवन शैलीलाई सेवा प्रदायक एवं सेवाग्राही नागरिक तहसम्मै लगिनेछ ।

१.४ स्थानीय सरकारको सबलीकरण, सुशासन प्रवर्द्धनका विधि र औजारको प्रयोग गरि भष्ट्राचार शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

१.५ कार्यरत कर्मचारीहरुलाई प्रोत्साहित गरी स्थानीय सेवालाई आर्कषक बनाउन जनशक्ति प्रोत्साहन कार्यक्रम संचालनका साथै दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

१.६ जनशक्तिको मनोवल उच्च बनाउन स्पष्ट मापन योग्य सूचक सहितको कार्य सम्पादनमा आधारित रहि अतिरिक्त सेवा र समयको आधारमा स्थानीय सुविधा प्रदान गरिनेछ । प्रविधि प्रयोग, परिवर्तित सन्दर्भलाई आत्मसाथ गर्न नसक्ने कर्मचारीहरुलाई सम्मान पूर्वक न्यायोचित विदाई गर्न अवकास योजना ल्याई समानुकुल जनशक्ति व्यवस्थापन गर्ने नीति लिइनेछ ।

१.७ नगर प्रहरी सेवाको पुर्नसंरचनासहित कानूनी प्रबन्ध मिलाइ नगर प्रहरी सेवालाई चुस्त बनाइनेछ ।

१.८ बजार अनुगमन निर्देशिका स्वीकृत गरी उपभोक्ताको अधिकारलाई सुरक्षित गर्न नियमित बजार अनुगमन गर्ने प्रणालीको विकास गरिनेछ ।

१.९ पुनः नापीको बाँकी रहेका कार्यलाई निरन्तरता दिईनेछ । ब्लक जग्गाको जग्गा धनी पुर्जा वितरण गर्न पहल गरिनेछ ।

१.१० वुटवल उप महानगरपालिकालाई आवश्यक पर्ने अफिस उपकरण, स्टेशनरी तथा मेशिनरी सामानहरु खरिद गर्दा गुणस्तर चिन्ह प्राप्त र ग्यारेन्टी भएका सामानहरुलाई प्राथमिकता दिइनेछ साथै स्वदेशी उत्पादनलाई प्राथमिकता दिइनेछ ।

१.११ उपमहानगरपालिका द्वारा सञ्चालन गरिने सभा, बैठकलाई मितव्ययी र छरितो बनाउने अभ्यास अबलम्बन गरिनेछ ।

१.१२ कार्यालयको तर्फवाट गरिने भ्रमण कार्यक्रमलाई मितव्ययी र प्रभावकारी वनाउन औचित्यको आधारमा भ्रमण आदेश दिने र भ्रमण पछि अनिवार्य रुपमा भ्रमण प्रतिवेदन पेश गर्न लगाइने व्यवस्था मिलाइनेछ।

१.१३ उप महानगरपालिकावाट कार्यान्वयन हुने योजना कार्यक्रमहरुमा वित्तिय जोखिम न्यूनिकरणका लागि निर्माण तथा खरिद प्रक्रियालाई वढि प्रतिस्पर्धात्मक वनाउन विगत देखि प्रयोगमा ल्याइएको विद्युतीय वोल कवोल E-Bidding लाई अझ प्रभावकारी वनाइनेछ ।

१.१४ उप महानगरपालिका कार्यालय र वडा कार्यालयहरुमा संकलन हुने रकम,अफिस उपकरण,सवारी साधन लगायत भौतिक संरचनाको जोखिम न्यूनिकरणका लागि वीमा गर्ने नीति लिइनेछ ।

१.१५ योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा खरिद एवं वित्तिय क्रियाकलापसंग संवन्धित समिति तथा कार्यदल गठन गर्दा प्रतिनिधि तथा कर्मचारीहरु दोहोरो नपर्ने गरी गरिनेछ ।

१.१६ सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन उप महानगरपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी सामाजिक परिक्षण र सवै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परिक्षण गरिनेछ ।

१.१७ आन्तरिक लेखा परिक्षण पद्धतिलाई प्रभावकारी वनाइने छ । वेरुजू हुन नदिने र फछ्र्यौटलाई व्यवस्थित गरिनेछ ।

१.१८ कार्यालयका सवारी साधन र अफिस उपकरणको मितव्ययी ढंगवाट परिचालन गरिनेछ ।

१.१९ उप महानगरपालिकाको केन्द्र र वडा कार्यालयहरुमा हाल व्यवस्थापन भैरहेको पत्र पत्रिकाको खर्चमा मितव्ययिता अपनाउन अनलाइन मिडियाको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

१.२० वुटवल उपमहानगरपालिकाको सेवा प्रवाह, जानकारी, सन्देश र अनुरोध नगरवासीहरुलाई मोवाइल एप्स मार्फत् हात हातमा उपलव्ध गराउने र नगरवासीहरुको सुझाव सल्लाह ग्रहण गरी नागरिकको अभिमतलाई सम्मान गर्न शुरुवात गरिएको मोवाइल एप्सलाई प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ । मोवाइल एप्स प्रयोग संवन्धि जानकारीका लागि सवै वडा कार्यालयहरुमा डिजिटल जानकारी वोर्ड राख्ने व्यवस्था मिलाइनेछ ।

१.२१ वुटवल उप महानगरपालिकाको आधिकारीक वेभसाइटको नियमित अपडेट गरी नागरिकलाई प्रवाह गर्ने सेवालाई सूचना प्रविधिमा आधारित वनाउन अभिप्रेरित गरिनेछ ।

१.२२ व्यक्तिगत घटना दर्ता कार्यक्रम अनलाइन मार्फत् नागरिकले निवेदन गर्न सक्ने गरी वडा तहवाट कार्यान्वयन भैरहेकोले थप प्रभावकारी वनाउदै अन्य सेवाहरु समेत अनलाइनवाट उपलब्ध गराउने नीति लिइनेछ ।

१.२३ पारदर्शिता र सुशासनका लागि उप महानगरपालिकासंग संवन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमवाट सार्वजनिकीकरण गर्ने कार्यक्रमलाई प्रभावकारी वनाई निरन्तरता दिइनेछ । नगरका महत्वपूर्ण स्थानहरुमा डिजिटल सूचना पाटीको व्यवस्था मिलाइनेछ ।

१.२४ उपमहानगरपालिकाको कार्य प्रणालीलाई सुरक्षित पारदर्शी र थप व्यवस्थित वनाउन वडा कार्यालयहरुमा समेत क्रमश: CCTV जडान गरिनेछ ।

१.२५ उप महानगरका गतिविधिहरु नगरवासी समक्ष पुर्‍याउन उप महानगरको मुखपत्रको रुपमा त्रैमासिक नगर वुलेटिन प्रकाशन गरिनेछ । रेडियो तथा टेलिभिजन मार्फत् नगर गतिविधि प्रसारण गरिनेछ । उल्लेखित प्रयोजनका लागि नगर सञ्चार युनिट गठन गरी कार्यक्रम उत्पादन प्रकाशन तथा प्रसारणको वन्दोवस्ती मिलाइनेछ ।

१.२६ सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग वढाउदैं Paperless कार्यालयको रुपमा विकास गर्न, सूचनामा पहुंच वृद्धि गर्न जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई सूचना प्रविधिसंग संवन्धित तालिम अभिमुखिकरण संचालन गरिनेछ । उप महानगरपालिकावाट जनप्रतिनिधि र कर्मचारीलाई गरिने पत्राचारलाई निरुत्साहित गरी SMS प्रणालीलाई प्रभावकारी बनाईनेछ । उप-महानगरपालिकाको सूचना केन्द्रलाई थप व्यवस्थित र सुदृढ बनाइने छ ।

१.२७ विद्युतीय हाजिरीलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याई सुशासन पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनमा थप प्रभावकारिता ल्याइनेछ ।

१.२८ उप महानगरपालिकाको संस्थागत विकास, सुशासन, जवाफदेहिता तथा पारदर्शिता कायम गर्न आवश्यकतानुसार उप महानगरपालिकाको विनियमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१.२९ सेवाग्राही नागरिकहरुको गुनासो व्यवस्थापन गर्न हरेक वडामा एक जना गुनासो सुन्ने प्रतिनिधिको व्यवस्था मिलाइनेछ । सेवाग्राहीको सहयोग र कार्यालयवाट प्रवाह गरिने सेवालाई व्यवस्थित वनाउन जनप्रतिनिधि रहेको Help Desk स्थापना गरिनेछ ।

१.३० क्षतिपूर्ति सहितको नागरिक वडापत्रको प्रभावकारिता वृद्धि गर्न श्रव्य दृश्य (Audio Visual Citizen Charter) प्रविधिमा आधारित नागरिक वडापत्र तयार गरिनेछ । नागरिक वडापत्रलाई सबै तह, तप्का तथा वर्गको पहुँचमा पुर्‍याउने तर्फ आवश्यक कार्य गरिनेछ ।

१.३१ वडा सरकारको अवधारणा अनुसार नगरवासीका अधिकतम सेवा वडा कार्यालयहरुवाटै उपलव्ध हुने व्यवस्था मिलाइनेको छ । सेवाग्राहीहरुलाई गुणस्तरीय र सहज सेवा प्रदान गर्नका लागि सेवाग्राहीमैत्री वडा कार्यालयको घोषणा गर्ने नीति ल्याइनेछ ।

१.३२ जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहितको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।

१.३३ स्थानीय तहबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै सेवालाई प्रविधि मैत्री बनाइनेछ, प्रक्रिया सरलीकृत गर्ने र सेवामा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि गर्ने नीति लिइनेछ ।

१.३४ जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गरी सेवा प्रवाहलाई गुणस्तरीय, जनमैत्री बनाउन क्षमता विकास योजना (CD Plan) बनाई लागु गरिनेछ ।

१.३५ सार्वजनिक सेवाको गुणस्तर, कार्य शैली र व्यवहारको लेखाजोखा गर्न सार्वजनिक सुनुवाइ सार्वजनिक परिक्षण जस्ता विधि तथा औजारहरुको प्रयोग गर्ने नीति लिइने छ ।

१.३६ प्रादेशिक नगर अध्ययन केन्द्र बुटवल मार्फत सञ्चालन गरिने कार्यक्रमहरुमा सहकार्य गरिनेछ ।

१.३७ कुटनैतिक पहल गरी विभिन्न राष्ट्रको नगरहरुसँग भगीनी सम्बन्ध कायम गरी अनुभव तथा सहयोग आदान प्रदान गर्न पहल गरिनेछ ।

१.३८ बुटवल उपमहानगरपालिका क्षेत्र भित्र नापी गर्न बांकी सम्पूर्ण जग्गाको नापी कार्य सम्पन्न गरी डिजिटल नापी नक्सा तयार पारीनेछ । नक्सा पास तथा पूर्वाधार योजना कार्यान्वयनकालागि उक्त प्रविधीलाई प्रयोगमा ल्याइनेछ ।

१.३९ समग्र नगर क्षेत्रका सार्वजनिक जग्गाको पहिचान तथा लगत तयार गरि संरक्षण गर्न वडा समिति र समुदायलाई जिम्मेवार र सक्रिय बनाइनेछ ।

१.४० नगरका विभिन्न क्षेत्रमा रहेका अव्यवस्थित बसोवासको लगत संकलन गरिएको छ । जग्गा नाप जाँच गरी अभिलेखिकरण गर्ने कार्य सञ्चालन गरिने छ । नापजाँच र अभिलेखिकरणमा असुरक्षित ठाँउ र अवस्थाको बसोवासलाई स्थानान्तरण र व्यवस्था मिलाउन पहल गरिनेछ ।

२. राजश्व परिचालन एवं श्रोत अभिवृद्धि सम्बन्धी नीतिहरु

२.१ **व्यवसायकरको दायरा बढाउने र बढीभन्दा बढी व्यवसायीहरुलाई कर तिर्न प्रोत्साहित गर्न विविध कार्यक्रम सहित कर जागरण कार्यक्रम संचालन गर्ने तथा वडा कार्यालयहरुबाटै कर, शुल्क दस्तुर असुल भई रहेकोमा सो कार्यलाई तथ्यांकमा आधारित गराई थप ब्यवस्थित गरिने छ ।**

२.२ **वार्षिक पेशा व्यवसाय करका श्रेणी तथा दर वमोजिम करदाता पहिचान गर्ने सम्बन्धमा पेशा व्यवसायको प्रकृति आकार प्रकार एवं ठाँऊ विशेषको आधार लिइनेछ । पेशा व्यवसायको प्रतिनिधिमूलक संघ–संस्थाहरुबाट बु.उ.म.न.पा.द्वारा तोकिएको दरवन्दीका आधारमा पेशा व्यवसायका करदाता प्रष्ट्याई श्रेणी निर्धारण गरी सहमतिका आधारमा कर अशुली व्यवस्थापनलाई सहज र थप प्रभावकारी बनाउन सहकार्यमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।**

२.३ **वार्षिक पेशा व्यवसाय कर र घर बहाल कर असुली कार्यलाई थप प्रभावकारी वनाउन वडा कार्यालय र टोल विकास संस्थाहरुलाई परिचालन गरी जिम्मेवार वनाउने नीति लाई अघी बढाइनेछ ।**

२.४ **बजेट दरबन्दीमा तोकिएको व्यवसायको प्रकार, प्रकृति र श्रेणी अनुसारको दररेटमा कर भूक्तानी गर्न नसक्ने अति न्युनस्तरको कुना काप्चा तथा अति कम चल्ती फिरती हुने ठाऊमा रहेका व्यवसायलाई श्रेणी विहिन मानी न्यूनतम रु.५००.०० मा नघटाई वार्षिक व्यवसाय कर लिई करको दायरालाई लचिलो तथा फराकिलो पारिनेछ ।**

२.५ **व्यवसायकर असुलीलाई प्रभावकारी बनाउन सम्बन्धित व्यवसायिक संघ/संस्थाहरुसंग समन्वय गरी तोकिएको व्यवसायकर समयमै बुझाउने व्यवसायीको तोकिए बमोजिमका करदाता/प्रोप्राइटर/सञ्चालकको नाममा १ लाख बरावरको दुर्घटना विमा गराउने नीति लिइनेछ ।**

२.६ **तोकिएको कर कार्तिक महिना (प्रथम चौमासिक) भित्रै बुझाउनेलाइ सम्पत्ति कर, पेशा व्यवसाय कर र घर जग्गा वहाल करमा लाग्ने करमा १० प्रतिशत छुट दिईनेछ । चालु आ.व.को आषाढ मसान्तसम्म कर नबुझाई बक्यौता कायम हुन आएमा बक्यौता कायम हुन आएको आ.व.बाट पहिलो वर्ष १० प्रतिशत र त्यसपछिका प्रत्येक वर्षहरुमा थप ५ प्रतिशतका दरले विलम्ब जरिवाना जोडी बक्यौता समेत असुल गरिनेछ । तर कार्यलयबाट हुने अन्य विभिन्न सम्झौताको हकमा सम्झौतामा लेखिए बमोजिम नै हुनेछ । समयमै कर भुक्तान गर्न एस.एम.एस.द्धारा सूचना प्रवाह गरी कर, शुल्क, दस्तुर असुली कार्यलाई व्यवस्थित गर्न उपयुक्त संयन्त्र निर्माण गरी प्राथमिकताका साथ अगाडि बढाई बक्यौता न्यून गराउने प्रयास गरिनेछ ।**

२.७ **रिक्सा र विधुतीय रिक्सा दर्ता नवीकरण र सिफारिस प्रक्रियालाई व्यवस्थित गरिनेछ ।**

२.८ **अपाङ्ग, असहाय, अशक्त (फरक क्षमता भएका)दैवि प्रकोप पिडित, द्वन्द्व पिडित, जेष्ठ नागरिक एकल महिला जस्ता सिफारिस र नेपाली नागरिकता प्राप्तिको अनुसूची बमोजिमको सिफारिसहरु निःशुल्क गरिनेछ ।**

२.९ **विगत लामो समय देखि व्यवसाय गर्दै आएका तर उपमहानगरपालिकामा व्यवसाय दर्ता नगराएका साथै व्यवसाय दर्ता गरी विभिन्न कारणबाट व्यवसाय नवीकरण नगराई बसेका व्यवसायीहरुलाई जतिसुकै बर्ष व्यवसाय गरेको भए तापनि ५ बर्षको मात्र व्यवसायकर लिई अन्तिम पटकका लागि ९० दिनको समयावधि दिई व्यवसाय नियमित गर्न प्रोत्साहित गरिने छ ।**

२.१० **बुटवल उप महानगरपालिका क्षेत्र भित्रका कुनै व्यक्ति वा संघ संस्थाले भवन,**

जग्गा, गोदाम सेड बहालमा लगाएका संग बहाल रकमको बार्षिक १० प्रतिशतका दरले सम्बन्धित धनीसंग वहाल कर लिने व्यवस्था मिलाईएको छ ।

२.११ पेशा व्यवसाय कर लिदा एउटै फर्ममा फरक, फरक प्रकृतिका व्यवसाय संचालन गरेकाको हकमा तोकिए बमोजिमको फरक, फरक प्रकृतिका व्यवसाय करको दरले हुन आउने रकम जोडी व्यवसाय कर लिने व्यवस्था मिलाईएको छ ।

२.१२ अस्थायी प्रकृतिका हाटवजार, चोक चोकमा ठेलामा गरिने फुटपाथ ब्यवसाय, मुख्य वजार क्षेत्र भित्रका सडक किनारमा गरिने पार्किङ्ग लाई निरुत्साहित गरिनेछ साथै व्यवस्थित गर्न सकिने ठाउको हकमा व्यवस्थापनमा निजी क्षेत्र, स्थानीय क्लव, संघ, संस्थाको सहकार्यमा वडातहबाटै शुल्क संकलन र ब्यवस्थापन गरिनेछ ।

२.१३ सम्पत्ती कर, पेशा व्यवसाय कर र घरजग्गा बहाल कर लगायतका बिभिन्न कर, शुल्क, दस्तुर सफ्टवेयरको माध्यमवाट वडाबाटै असुली भईरहेकोमा सो कार्यलाई थप व्यवस्थित र प्रभावकारी वनाईनेछ।

२.१४ कुनै सामाजिक परम्परा अनुसारका कार्यमा सडक क्षेत्रमा टेण्ट लगाउनु पर्ने भएमा सार्वजनिक आवागमनमा अवरोध नहुने गरी प्रतिदिन प्रति व.फि. रु.२.०० का दरले शुल्क लिई स्वीकृति दिन सकिनेछ । विना स्वीकृति टेण्ट लगाएको पाईएमा लाग्ने शुल्क वरावर थप जरीवाना लिईनेछ । मुलुक बाहिरबाट टेन्ट झिकाई लगाएमा कुल टेन्ट भाडाको १० प्रतिशत भाडा कर लिईने छ । सो को असुली सम्वन्धित वडाहरुबाट गरिनेछ ।

२.१५ सम्पतिकर, पेशा व्यवसायकर, घर बहालकर, मनोरञ्जन करहरुलाई पारदर्शी र प्रभावकरी वनाउन आवश्यकता अनुसार कार्यविधि निर्देशिका वनाई व्यवस्थित गरिनेछ । केबुल संचालक र डिसहोम बिक्रेता डिलरहरुसंग समन्वय गरी प्रत्येक केबुल संचालकबाट ग्राहक संख्याको आधारमा मासिक रुपमा मनोरञ्जन कर लिने व्यवस्था मिलाईनेछ ।

२.१६ श्रोतपरिचालन र व्यवस्थापनमा बु.उ.म.न.पा.लाई सक्षम र आत्मनिर्भर बनाउन, प्रचलित कानून बमोजिम परिचालन गर्न सकिने राजश्वका सबै श्रोतहरुको वस्तुपरक पहिचान, विश्लेषण, प्रक्षेपण गरी समतामूलक, प्रगतिशिल र न्यायपूर्ण बनाई राजश्वको दायरा बृद्धि गरिनेछ ।

२.१७ राजश्व संकलन कार्यलाई थप प्रभावकारी वनाउन नगरवासीहरुलाई सेवा सुविधा उपलब्ध गराउदा निजले भुक्तान गर्नुपर्ने कुनै कर शुल्क दस्तुर बाँकी नरहेको आधारमा सेवा सुविधा उपलब्ध गराउन वडा कार्यालयहरुलाई थप जिम्मेवार वनाईनेछ ।

२.१८ आफै वा संगोल परिवार (एकाघरका सदस्य) ले बु.उ.म.न.पा लाई भुक्तान गर्नुपर्ने कर शुल्क, दस्तुर समयमा भुक्तान नगरी बक्यौता कायम राख्ने करदातालाई न.पा वा वडा बाट प्रदान गरिने कुनै पनि सिफारिस सेवा सुविधा रोक्का गरिनेछ तर चालु आ.व.को कुनै कर, शुल्क, दस्तुर भुक्तान गर्ने समयावधि रहेको अवस्थामा त्यस्तो बन्देज गरिने छैन ।

२.१९ कुनै पनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरु

र योजनाबाट लाभान्वितहुने उपभोक्ताहरुलाई आफुले बुझाउनु पर्ने सम्पत्ति कर, व्यवसायकर र बहाल कर चुक्ता गर्न अनिवार्य गरिनेछ सो योजनाबाट लाभान्वित उपोक्ताहरुलाई त्यस्ता कर शुल्क तिर्न प्रोत्साहित गरिनेछ ।

२.२० वित्तीय श्रोत परिचालन र व्यवस्थापनमा निजी क्षेत्र र नागरिक समाजको सहभागिता र सहकार्यलाई बढाउदैं लगिनेछ । सम्पूर्ण करदातालाई स्वःस्फुर्त रुपमा करको दायरामा ल्याई आफूले तिरेको करको उचित उपयोग भएको छ भन्ने अनुभूति दिलाउन बुटवल उप महानगरपालिकाको आर्थिक कारोवार सूचनापाटी, वेभसाईट र पत्र पत्रिकाहरुमा मासिक/चौमासिक/बार्षिक रुपमा प्रकाशन गरिनेछ । उप महानगरपालिकालाई नियमित र बढी कर तिर्ने करदातालाई सम्मान गर्ने परम्परालाई थप व्यवस्थित गरिनेछ ।

२.२१ बु.उ.म.न.पा.को विकास निर्माण तथा सेवा सुविधा प्रवाह गर्न आवश्यक पर्ने वित्तीय श्रोतको कमिलाई पूर्ति गर्न संघीय सरकार, प्रदेश सरकार, दातृ निकाय तथा संघ-संस्था र निजी क्षेत्र एवं नागरिक समाज लगायत सबै सम्भाव्य आन्तरिक एवं बाह्य क्षेत्र सँग समन्वय गरी श्रोतको अधिकतम परिचालन गरिनेछ ।

२.२२ ई रिक्सा र मेनुवल रिक्सा व्यवस्थापनका लागि आवश्यक संख्या निर्धारण, रुट निर्धारण, रुट परमिटको व्यवस्था गरी बार्षिक सवारी कर असुली गरिने छ ।

२.२३ बु.उ.म.न.पा.को स्वामित्व र भोगाधिकार रहेको र उप महानगरपालिकाले संरक्षण र परिचालन गर्नसक्ने भवन जग्गा जमिन, हाटबजार तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अध्यावधिक गरी राजश्व आम्दानी गर्ने माध्यमको रुपमा परिचालन गरिनेछ । यस्ता श्रोतको परिचालन गर्दा प्रतिस्पर्धात्मक पद्धतिको अवलम्बन गर्न जोड दिइनेछ ।

२.२४ श्रोत परिचालनमा निजी क्षेत्रको सहभागितालाई प्रबर्द्धन गर्न PPP अवधारणामा आधारित कार्यक्रममा प्रतिस्पर्धात्मक पद्धतिका अतिरिक्त प्रस्तावका आधारमा Negotiation पद्धतिलाई समेत अवलम्बन गरिनेछ ।

२.२५ सम्पत्ति कर बुझाउने कुनै करदाताले आफ्नो नाममा रहेको सम्पत्ति लुकाई वा खण्डीकरण गरी वा भौतिक संरचना नदेखाई सम्पत्ति मूल्याङ्कन गराई कर तिरेको प्रमाणित भएमा वास्तविक सम्पतिको मूल्यांकनबाट लाग्ने कर रकममा पूर्व बुझाएको रकम घटाई बाँकी रहने रकममा २५ प्रतिशतले हुने थप रकम जरीवाना गरी असुल गरिनेछ ।

२.२६ समुदायद्वारा शुल्क उठाई गरिएका फोहर व्यवस्थापन कार्यलाई थप व्यवस्थित गर्न सम्बन्धित वडा कार्यालय र समुदाय बिच छलफल गरी पारदर्शिता तथा आर्थिक नियन्त्रण र राजश्व वृद्धि गर्दै लगिनेछ ।

२.२७ यस उपमहानगरपालिका क्षेत्रभित्र (राजमार्ग वाहेकका) उपभोक्ताको सहभागितामा निर्मित सडकहरु प्रयोग गरी ढुंगा, गिट्टी, मिस्कट, वालुवा र क्रेसरबाट उत्पादित तयारी मालसामान, ईटा तथा अन्य मालसामानहरुको लोड लिई ढुवानी गर्ने साधनहरुबाट सडक भत्कने बिग्रने भई क्षति पुऱ्याउने भएकाले त्यस्ता सामान ढुवानीका साधनहरुबाट सवारीकरको अतिरिक्त तोकिए वमोजिमको दरमा सडक मर्मत सुधार शुल्क लिईनेछ । त्यस्तो शुल्क संकलनमा

**वडा कार्यालयको पहलमा स्थानीय उपभोक्ता समितिहरुलाई सहभागी गराउने नीतिलाई निरन्तरता दिईनेछ ।**

२.२८ **आवासिय घर, व्यवसायिक भवन, विद्यालय, रेष्टुरेन्ट, होटल, थोक व्यापारी, फलफूल तथा तरकारी व्यवसायी लगायत अन्य फोहरमैला उत्पादन र उत्सर्जन गर्नेबाट तोकिए बमोजिमको फोहरमैला ब्यवस्थापन शुल्क लिने नीतिलाई निरन्तरता दिई क्षेत्र बिस्तार गर्दै लगिनेछ ।**

२.२९ **विगतमा अटो सम्बन्धी सम्पूर्ण व्यवसायहरुलाई उजिरसिंहनगर अटो भिलेज क्षेत्रमा मात्र व्यवसाय गर्ने गरी स्थान तोकिएकोमा उक्त क्षेत्र भन्दा वाहेकका क्षेत्रमा समेत अटोसंग सम्बन्धित व्यवसायहरु तथा मोटर साईकल मर्मत एंव रिकन्डिसन सेन्टरहरु संचालन भैरहेको हुदा अटो भिलेजको मर्म र भावनामा प्रभाव नपर्ने गरी संचालनमा रहेका शोरुम, रिकन्डिसन हाउस, होलसेल पसल मोटर साईकिल मर्मत तथा वासिङ्ग पसलहरुलाई देहाय बमोजिमको मापदण्ड पुरा गरेकोमा उ.म.न.पा.मा दर्ता गरी व्यवसायकरको दायरामा ल्याईनेछ ।**

**क) मोटर साईकिल मर्मत तथा वासिङ्ग पसलहरुलाई मुख्य राजमार्गमा व्यवसाय संचालन गर्न नदिने ।**

**ख) पानी प्रयोग हुने अवस्थामा कम्पाउण्डवाल निर्माण गरी सोस्ता वा नालीमा पुग्नेगरी व्यवस्था गरिएको हुनुपर्नेछ ।**

२.३० **जलश्रोतको प्रयोग र उपयोग सम्बन्धमा :**

**क) बोरिङ्ग गर्नु पूर्व सम्बन्धित उपभोक्ता समिति/समुह/व्यक्ति वा ब्यवसायिक संस्थाले उपमहानगरपालिका मा सूचिकृत हुनु पर्ने ब्यवस्था गरिएको छ ।**

**ख) जलश्रोतको प्रयोग र उपयोग सम्बन्धमा नियमनकारी निकायसंग समन्वय गरी मौजुदा विधि प्रक्रिया बमोजिम नियमन गरिनेछ ।**

**ग) सामुदायिक खानेपानी वा सिचाई प्रयोजनका लागि वोरिङ्ग गर्न सेवा क्षेत्र, ग्राहक संख्या खुलाई उक्त क्षेत्रमा थप हुनसक्ने ग्राहकले समेत सेवा लिन पाउने गरी उपभोक्ता समिति, कृषक समुह गठन गरी आउने समिति/समुह दर्ता समेतका लागि सिफारिस शुल्क लिई सिफारिस/ सहमति/ अनुमति दिने ।**

**घ) व्यक्तिगत वा ब्यवसायिक प्रयोजनका लागि विगतमा गरिएका बोरिङ्गहरुलाई आवश्यकता र औचित्यता हेरी (बढीमा पाँच इन्चसम्मको बोरिङ्ग गरेकालाई) सिफारिस गर्न रु.५०,०००/- दस्तुर र वार्षिक रु.१५,०००/- नवीकरण दस्तुर लिईनेछ तर नयां बोरिङ्ग गर्ने कार्यलाई निरुत्साहित गर्दै लगिने छ ।**

**ङ) यस पूर्व नै वोरिङ्ग गरी प्रयोग र संचालनमा रहेका सामुदायिक/ व्यक्तिगत/ ब्यवसायिक प्रयोजनका वोरिङ्गहरु यसै विधि प्रक्रियामा आई नियमित हुन निश्चित समय तोकि सवैलाई सुचनाद्वारा आव्हान गर्ने र सो समय भित्र नियमित हुन नआउनेको हकमा वोरिङ्ग बन्द गर्न सम्बन्धित निकायमा लेखि पठाउने ।**

२.३१ **जनप्रतिनिधि र कर्मचारीहरुले नियमानुसार बुझाउनुपर्ने सम्पतीकर,पेशा व्यवसायकर र बहालकर समयमै बुझाई नियमित हुनका लागि अनिवार्य**

**गरिनेछ ।**

२.३२ **अस्थायी प्रकृतिका हाटबजार, ठेला तथा फुटपाथ व्यवसाय, उचित पार्किङ्ग व्यवस्थापन र शुल्क संकलन गर्न स्थानीय क्लब, टोल विकास संस्थाको सहकार्यमा वडातहबाटै व्यवस्थापन गरिनेछ ।**

२.३३ **उप–महानगरपालिकाको स्वामित्व, भोगाधिकार र संरक्षणमा लिनुपर्ने भवन जग्गा जमिन, हाटबजार तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अध्यावधिक गरी राजश्व आम्दानी गर्ने माध्यमको रुपमा परिचालन गरिनेछ ।**

२.३४ **उप महानगरपालिका क्षेत्र भित्र रहेको अव्यवस्थित वसोवासमा आधारभुत सेवालाई थप व्यवस्थितगर्न आ.व.२०७५/०७६ देखी पूर्वाधार विकास सेवा शुल्क लागु गरिनेछ ।**

२.३५ उप महानगरपालिकाको करको दायरा फराकिलो वनाउदैं समग्र नगरको राजश्व अभिवृद्धिमा योगदान पुऱ्याउन टोल विकास संस्थाहरुलाई परिचालन गर्ने नीति लिइनेछ । घर वहाल कर, पेशा व्यवसाय करको तथ्यांक संकलन गरी करको दायरा वढाउन टोल विकास संस्थाले गरेको योगदानको आधारमा प्रोत्साहन गर्ने नीति लिइनेछ । यसका लागि आवश्यक कार्यविधि बनाई लागु गरिनेछ ।

२.३६ ट्राफिक व्यवस्थापनलाई सहज वनाउन संवन्धित वडा मातहत टोल विकास संस्था मार्फत् उपयुक्त स्थान र व्यवस्थापन मिलाइनेछ । पार्किड. व्यवस्थापनवाट प्राप्त हुने शुल्क सम्वन्धित टोल र वडाको वडागत श्रोतको रुपमा परिचालन गर्न आवश्यक कार्यविधि बनाई लागू गरिनेछ ।

२.३७ वुटवल उप महानगरपालिकाको सम्पूर्ण वित्तिय कारोवारलाई कम्प्युटरीकृत गरी थप व्यवस्थित गरिनेछ ।

२.३८ वडास्तरवाट संकलन हुने राजश्वलाई Intranet Computer System वाट उप महानगरपालिकाको केन्द्रिकृत प्रणालीमा आवद्ध गराउने कार्यलाई थप व्यवस्थित वनाइनेछ ।

२.३९ कार्यालयमा भएका साधन मेशिन उपकरणहरुको वेलैमा नियमित मर्मत सम्भार, अधिकतम परिचालन र स्रोत अभिवृद्धिमा समेत प्रयोग गर्ने नीति लिइनेछ ।

२.४० कार्यालयमा रहेका विभिन्न सवारी साधन, मेशिन उपकरण, फर्निचरहरु लगायतका जिन्सी सामानहरु र कार्यालय संरचना चालु अवस्थामा राखिनेछ । मर्मत सम्भार र संरचना परिमार्जनका लागि कार्यदल गठन र मर्मत सम्भार इकाई खडा गरिनेछ ।

## ३. आर्थिक विकास सम्बन्धी नीतिहरु

### ३.१ उद्योग/वाणिज्य तथा बजार व्यवस्थापन सम्बन्धी नीतिहरुः

३.१.१ बुटवल उपमहानगर नगरक्षेत्र भित्र सञ्चालन भएका उत्पादन वा सेवा उद्योग जहाँ कम्तीमा ५० प्रतिशत स्वेदशी श्रमिक सहित २५० भन्दा बढी

श्रमिक कार्यरत हुन्छन त्यस्ता उद्योगलाई प्रोत्साहित गर्न मुख्य सडक देखि उद्योगसम्म जाने सडकका स्तरोन्नती गर्न सहयोग गरिनेछ ।

३.१.२ मेडिकल कलेज, इन्जिनियरिङ्ग कलेज, टेक्निकल कलेज तथा स्टार होटल वा स्टार होटल स्तरको सेवा उद्योग सञ्चालन गर्नका लागि आवश्यक विद्युत ट्रान्सफर्मर, खानेपानी र पहुँच मार्ग निर्माणको लगानीमा २०% सम्म अनुदान दिइनेछ ।

३.१.३ कम्तीमा ५० जना स्वदेशी श्रमिकलाई रोजगारी दिने रोजगारदाता वस्तु वा सेवा उद्योगलाई तोकिएको व्यवसाय करमा २५% छुट दिइनेछ ।

३.१.४ **उद्योग बजार, रोजगारी प्रबर्द्धन स्वरोजगारिता र सीप विकास प्रवर्द्धन, अनौपचारिक श्रमिकहरुको लगत संकलन, अभिलेखीकरण, रोजगार डेक्स तथा उद्योग शाखा स्थापना, गरिब तथा विपन्न वर्गका युवाहरुलाई प्राविधिक शिक्षालयहरुबाट तालिम दिने प्रबन्ध मिलाइनेको छ । आम उपभोक्ताको हित प्रवर्द्धनका लागि खाद्य तथा पेय पर्दाथ गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिनेछ ।**

३.१.५ **उद्योग व्यवसायलाई अधिकतम क्षमतामा सञ्चालन गर्नका लागि अनुकुल वातावरण निर्माण गरी रुग्ण अवस्थाका उद्योगलाई प्रदुषण रहित आधुनिक प्रविधि र यन्त्र उपकरणको व्यवस्था सहित सञ्चालन व्यवस्थापनका लागि पहल गरिनेछ । उद्योगी र श्रमिक बीचको सम्बन्धलाई सुमधुर बनाई औद्योगिक वातावरण कायम गर्ने नीति लिइनेछ ।**

३.१.६ **सुरक्षा प्रबन्ध, सुलभ शौचालय, स्वच्छ पिउने पानी र यातायात व्यवस्था सहित रात्रीकालिन बजार संचालन व्यवस्थापनका लागि संभाव्यता अध्ययन गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।**

३.१.७ **सुन्दर नगर व्यवस्थित शहरको अवधारणा कार्यान्वयन गर्न ढुवानी तथा कवाड व्यवसायलाई व्यवस्थित गरी बुटवललाई ट्रेड सेन्टरको रुपमा थप व्यवस्थित गर्न पहल गरिनेछ ।**

३.१.८ **उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धी जनचेतना अभिवृद्धि गराउने र नियमित बजार अनुगमन र नियमन प्रणालीको स्थापित गरिनेछ । कालोबजारी नियन्त्रण गर्न व्यवसायी र टोल विकास संस्थाहरुलाई सहभागी बनाई अनुगमन संयन्त्र निर्माण गरिनेछ गलत कार्यलाई दण्डित गर्ने नीति लिइनेछ ।**

३.१.९ **बुटवललाई पर्यटक विश्राम स्थलका रुपमा स्थापित गर्न होटल तथा रेष्टुरेण्ट र यातायत व्यवसायी संगको सहकार्यमा कार्यक्रमहरु संचालनगरी आन्तरिक र बाह्रय पर्यटन प्रबर्द्धनमा पहल गरिनेछ ।**

३.१.१० विभिन्न फर्म, कम्पनी, उद्योग तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत खर्च गर्नुपर्ने रकमलाई पारदर्शी रुपमा नगरले

तोकेका योजना कार्यक्रमहरुमा लगानी गर्न प्रोत्साहित गर्न सबैको योगदान रहने एक "सामाजिक उत्तरदायित्व कोष" को स्थापना गरिनेछ । उक्त कोषको रकम सरोकारवाला समेत सग्लन रही निर्माण गरिने कार्यविधिमा व्यवस्था भए बमोजिम हुने गरी परिचालन गरिनेछ ।

३.१.११ कृषि उपज र पशुपंक्षी उत्पादनको बजारीकरण र विविधीकरणमा विशेष पहल गरिनेछ ।

३.१.१२ **निजी क्षेत्रसंगको सहकार्यमा पशु बधशाला संचालन व्यवस्थापन गरिनेछ । साथै मासु पसलको नियमित अनुगमन र नियमनलाई प्रभावकारी बनाइनेछ ।**

३.१.१३ **वित्तिय क्षेत्रलाइ युवा स्वरोजगार, लघुवित्त, सामुहिक कर्जा, शैक्षिक कर्जा र बैदैशिक कर्जा क्षेत्रमा ´ लगानी गर्न अनुकुल वातावरणको श्रृजना गरिनेछ । वित्तीय संघ संस्था संग समन्वय गरी सामाजिक उत्तरदायित्व अर्न्तगत तोकिएका क्षेत्रमा सहुलियत व्याजमा लगानी गर्न प्रेरित गरिनेछ ।**

३.१.१४ **नगरवासीहरुको आय आर्जन बृद्धिगर्न, रोजगारी सृजना गर्नेहरुलाई आकर्षित गर्न औद्योगिकमैत्री, लगानीमैत्री वातावरण सृजना गरिने नीति लिईनेछ ।**

३.१.१५ यातायातको पहुँचमा नरहेका नगर उन्मुख ग्रामीण क्षेत्रको यातायात सेवामा पहुँच अभिवृद्धि गर्न नगर बस सेवा तत्काल शुभारम्भ गरिनेछ ।

३.१.१६ बुटवल उप-महानगरपालिकाको वित्तीय अवस्थामा सुधार ल्याउन, राजश्वका नयाँ स्रोत पत्ता लगाउन तथा नगरको आर्थिक गतिविधिहरुलाई चलायमान बनाउन नगरस्थित व्यवसायिक संघ संस्थाहरुसँग सहकार्य गर्नेनीति लिइनेछ । उद्योग र वाणिज्यसँग सम्बन्धित संघ संस्थाहरुसँग सहकार्यका कार्यक्रम सञ्चालन गरिनेछ ।

## ३.२ कृषि तथा पशुपंक्षी सम्बन्धी नीतिहरु

३.२.१ कृषि सम्भावित स्थानहरुको पहिचान गरी त्यस्ता वडामा एक वडा एक नमूना कृषि व्यवसायका लागि कृषि विशेषज्ञको व्यवस्था गरी बायो ग्यास प्रबर्धन र कृषि ऋणमा सहुलियत दिइनेछ ।

३.२.२ कृषि, पशुपंक्षी विकास तथा उद्योग वाणिज्य र सहकारी क्षेत्रका परम्परागत र अनुत्पादक कार्यक्रमहरुको पुनर्संरचना गरी उत्पादन मूलक नतिजामुखी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

३.२.३ "बुटवल विषादी रहित खाद्य वस्तु उपलब्ध हुने शहर"को रुपमा पहिचान गराउन प्रदेश तथा संघीय सरकारसँग सहकार्यमा बुटवल वडा नं. ६ मा रहेको विषादी परीक्षण प्रयोगशालाको स्तरोन्नती गरी सबै खाद्य वस्तुहरु परीक्षण पश्चात विक्री गर्ने व्यवस्थाका लागि आवश्यक तयारी गरिनेछ ।

३.२.४ साना किसानहरुका लागि व्यवसायिक मौरी पालन, च्याउ तथा तरकारी खेती जस्ता आयमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

३.२.५ पोषण र आरोग्यताका लागि आर्गानिक **तरकारी खेती**, "एक घर एक करेसाबारी" कार्यक्रमको सञ्चालन गरिने छ । खेती योग्य जमीन नभएका वडाहरुमा **कौशी तरकारी खेती कार्यक्रम** का साथै उच्च प्रविधि अपनाइ **ग्रीन हाउस र प्लाष्टिक हाउसमा** तरकारी खेती, पुष्प खेतीको कार्यक्रम सञ्चालन गरिनेछ ।

३.२.६ **सार्व**जनिक **जग्गा तथा नदी किनारमा फलफुल तरकारी, अन्य कृषि खेती गर्न प्रोत्साहित गरिनेछ ।**

३.२.७ **पशु** खोप, **आहारा र गोठ व्यवस्थापन जस्ता कार्यक्रम सहकार्यमा संचालन गरिनेछ । पशुपालक युवा कृषकलाई सहकार्यमा ऋणको व्याजमा केही अनुदानको व्यवस्था मिलाइनेछ ।** पशुजन्य पदार्थ तथा सोसँग सम्बन्धित सरोकारवाला निकायहरुको अनुगमन प्रभावकारी बनाई उत्पादनमा आधारित अनुदान नीति लिइनेछ । युवा वर्गलाई कृषि तथा पशुपंक्षी उत्पादन पेशा तर्फ आकर्षित गर्न खेती योग्य बाँझो जग्गा लिजमा लिने दिने बिच सहजीकरण तथा आवश्यक सहयोग गरिनेछ ।

३.२.८ पशुहरुमा लाग्ने महामारी रोग भ्यागुते, चरचरे, खोरेत, रेबिजको खोप निःशुल्क उपलब्ध गराईनेछ। वर्डफ्लु रोगको नियमित सर्भिलेन्समा पहल गरिनेछ । व्यवसायिक कृषकहरुको लागि सेक्स सिमेनको व्यवस्था गर्ने गरिनेछ ।

३.२.९ छिमेकी जिल्ला तथा देशका धेरै कृषि उपज पकेट क्षेत्रहरुको ट्रान्जिट तथा हव बजारको रुपमा रहेको बुटवल कृषि उपज केन्द्रको व्यवस्थापन सुदृढ गरी उत्पादक कृषकमैत्री बनाइनेछ । कृषकहरुको उत्पादनको उचित मूल्य उपलब्ध गराउन कृषि उपज बजार केन्द्रको व्यवस्थापन चुस्त बनाउन र थप एक अत्याधुनिक कृषि उपज बजार स्थलको निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

३.२.१० गुणस्तरीय कृषि उत्पादन, स्रोत सामग्रीहरुको बजारस्थलको रुपमा बुटवललाई विकास गर्न बजार अनुगमन र नियमन गरिनेछ ।

३.२.११ चारतपाह सिंचाई प्रणालीलाई थप व्यवस्थीत गरिनेछ । सतह र भूमिगत सिंचाईलाई व्यवस्थित गर्दै वडा नं. १४-१९ मा बन्द रहेका भूमिगत सिंचाइ पम्पहरु सञ्चालनमा ल्याउन पहल गरिनेछ ।

३.२.१२ जिविकोपार्जनका लागि घाँस दाउरा गर्न, वन क्षेत्रमा आश्रित अति विपन्न परिवारलाई लक्षित गरी सामुदायिक वनहरुसँग सहकार्यमा कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।

३.२.१३ **प्रदेश सरकारको सहकार्यमा पाल्पा,गुल्मी,अर्घाखांची लगायतका पहाडी जिल्लामा उत्पादन हुने कृषि उपजहरुको थोक बजार, प्रशोधन केन्द्र,शीत भण्डार तथा कृषिमा आधारित उधोगहरुको संचालनमा पहल गरिनेछ। बुटवल उप महानगरपालिका आसपासका गाउंपालिकाहरु संग कृषिमा गाउं नगर सहकार्य कार्यक्रम संचालन गरिनेछ। कृषि प्रवर्द्धनका लागि नियमित रुपमा कृषि प्रर्दशनीका लागी प्रोत्साहन गरिनेछ।**

३.२.१४ **कृषिको दीर्घकालिन विकासका लागि प्रदेशमा कृषि अनुसन्धान केन्द्र स्थापनाका लागि पहल गरिनेछ।**

## ३.३ सहकारी

३.३.१ **स्थानीय क्षेत्रमा गठन भएका सहकारी संस्थाहरुको क्षमता विकास गर्नुको साथै विकासमा** सहका**रीसंगको साझेदारी र सहकार्यमा जोड दिइनेछ।** सहकारीहरुमा रहेको पूँजीलाई नगरको पूर्वाधार विकासमा लगानी गर्ने प्रबन्ध मिलाई सहकारीमा तरल अवस्थामा रहको पूँजीको संरक्षण गर्ने नीति लिइनेछ।

३.३.२ सहकारी संस्थाहरुको नियमन, संरक्षण, प्रवर्द्धन र मर्ज गर्ने नीतिलाई प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ।

३.३.३ **“गाउं गाउंमा सहकारी घर घरमा रोजगारी” भन्ने नारा लाई वडा वडामा लागु गरिनेछ। सहकारी मार्फत कृषिजन्य उत्पादनको खरिद विक्री प्रकियालाई सरलिकरण गरिनेछ।**

३.३.४ **नगर भित्रका सम्पुर्ण सहकारीलाई सहकारी सिद्धान्तका वारेमा जानकारी गराई उत्पादनमूलक क्षेत्रमा लगानी गरी रोजगारीका अवसरहरु सृजना गन,** अनुत्पादक **खर्चको कटौति गर्न प्रेरित गरिनेछ।**

३.३.५ कृषि, पशुपंक्षी विकास, सहकारी तथा उद्योग जस्ता आर्थिक विकाससँग सम्बन्धित क्षेत्रका विज्ञहरुसँग परामर्श गरी आर्थिक विकास कार्ययोजना तयार गरी कार्यान्वयन गर्न पहल गरिनेछ।

३.३.६ दुग्ध व्यवसायलाई प्रोत्साहन गर्न सानिसा अवधारणामा डेरी उद्योगको स्थापना तथा संचालन पहल गरिनेछ।

## ३.४ पर्यटन:

३.४.१ बुटवल उपमहानगरलाई पर्यटक विश्राम स्थलका रुपमा विकास गर्नका लागि पर्यटन प्रवर्द्धन हुने संरचना निर्माण रकार्यक्रममा जोड दिइनेछ।

३.४.२ रामापिथेकस जियोलोजिकल पार्क-७, रामापिथेकस बोटानिकल पार्क-३ र चिडियाघर निर्माणगर्न पहल गरिनेछ।

३.४.३ ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको उत्खनन्, संरक्षण, प्रचार-प्रसार गरी पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।

३.४.४ ऐतिहासिक जितगढी किल्लाको महत्व र गरिमालाई उजागर गर्न, संरक्षण, विकास र प्रबर्द्धन गर्न सँगै रहेको बस्तीलाई कानून बमोजिम स्थानान्तरणको प्रबन्ध मिलाई खुल्ला गरी **जितगढी संग्रहालयको** लागि आवश्यक पूर्वाधार प्रवन्ध यसै वर्षदेखि आरम्भ गरिनेछ ।

३.४.५ रामापिथेकसपार्क, हिलपार्क, मणिमुकुन्दसेन पार्क, ग्लोवल पिस पार्क लगायतका पार्क क्षेत्रमा थप पूर्वाधार विकास गरी पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।

३.४.६ तराई क्षेत्रको ऐतिहासिक तथा पौराणिक महत्व रहेको नरैनापूर नरेश्वर धामको गूरुयोजना तयार गर्नुका साथै भ्यूटावर निर्माण गरिनेछ ।

३.४.७ जलपर्यटन विकासको लागि तिनाउ तथा दानव नदी क्षेत्रमा जल नौका संचालनको सम्भाव्यता अध्ययन गरी सम्भाव्य देखिएमा कार्यान्वयन योजना तयार गरिनेछ । तिनाउ दानव कोरिडोर क्षेत्रमा पार्क तथा ग्रिनबेल्ट विस्तार गरिनेछ । नदि जन्य पदार्थजम्मा गरि निकासी गर्न संभाब्यता अध्ययन गरिनेछ ।

३.४.८ नुवाकोट र बसन्तपुरलाई निजीक्षेत्रका लगानीकर्ता मार्फत केवलकार सहितको हिल स्टेशनको रुपमा विकास गरिनेछ ।

## ४ शहरी योजना, पूर्वाधार विकास, अनुगमन तथा मूल्याङ्कन सम्वन्धी नीतिहरुः

४.१ नगरकार्यपालिकाको मुख्य प्रशानिक भवन निर्माणलाई प्राथमिकतामा राखिएको छ । सिंहदरबारको अधिकार वडा तहबाटै सम्पादन गर्ने व्यवस्थाका लागि वडा कार्यालयलाई पूर्वाधार विकास गरी श्रोत साधन सम्पन्न बनाइने छ ।

४.२ नगरको पूर्वाधार विकासलाई दीगो सन्तुलित सामाजिक न्यायमा आधारित र प्रतिफलयुक्त बनाउने नीति लिइनेछ । स-साना योजना कार्यक्रमहरु वडातहबाटै सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४.३ जनसहभागिता सहितको विकास दीगो र सन्तुलित हुने हुँदा विगत देखि नै अवलम्बन गरिँदै आएको जनसहभागिताको नीतिलाई निरन्तरता दिईनेछ । परीक्षणको रुपमा मुख्य शहरी क्षेत्रमा निर्माण, मर्मत सम्भार र पुर्ननिर्माणमा प्रतिस्पर्धात्मक जनसहभागिता नीति अवलम्बन गरिनेछ ।

४.४ रु. दुई लाखसम्मका योजना कार्यक्रमहरुको सञ्चालन, अनुगमन, फरफारक तथा भुक्तानी समेत वडा कार्यालयबाटै गर्ने व्यवस्था मिलाइनेछ ।

४.५ पूर्वाधार विकासका कामहरु गुणस्तरीय बनाउन परीक्षण प्रयोगशाला सञ्चालनमा ल्याइनेछ ।

४.६ भूकम्पीय सुरक्षा र नक्शा पास सम्बन्धमा राष्ट्रिय भवन संहिताको पूर्ण कार्यान्वयन गरी घर नक्सा पास प्रक्रियालाई सरलीकृत गरिनेछ । घर नक्सा पारितका लागि हालै शुभारम्भ गरिएको EBPS System लाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

४.७ १००० वर्ग फिट सम्मको क्षेत्रफलमा निर्माण गरिने संरचनाको घर नक्सा डिजाइन न.पा.बाटै गरिनेछ । सो को लागि आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ । यसबाट सर्वसाधारण नगरवासीहरुले सर्वसुलभ र गुणस्तरीय सेवा प्रवाह भएको अनुभूति पाउने अपेक्षा लिइएको छ ।

४.८ पार्किङ्ग व्यवस्थापनका लागि मुख्य शहरी क्षेत्रमा Underground Parking निर्माणमा विशेष जोड दिइनेछ । अन्य क्षेत्रमा Underground Parking सहित संरचना निर्माण गर्नेलाई प्रोत्साहित गर्न नक्सा पास दस्तुरमा २०% छुट दिइनेछ ।

४.९ ट्राफिक व्यवस्थापनलाई सहज बनाउन सार्वजनिक निजी/सहकारी साझेदारी मार्फत Parking House निर्माण गरी नगरको ट्राफिक समस्याको दीगो समाधान गर्न पहल गरिनेछ । नगरका विभिन्न क्षेत्रमा सःशुल्क पार्किङ्ग र निःशुल्क पार्किङ क्षेत्र तोकिनेछ ।

४.१० ठूला पूर्वाधार विकास निर्माणलाई सार्वजनिक निजी सहकारी साझेदारी अवधारणामा आधारित गरिनेछ । नगर विकास कोषसँगको सहकार्यमा **नगरको क्रेडिड-रेटिङ् गराई वैदेशिक लगानी आकर्षित गर्ने र ऋण पत्र जारी** गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।

४.११ बुटवलको समग्र खानेपानी समस्या समाधानका लागि खानेपानी सम्बन्धी विस्तृत परियोजनाको अध्ययन सम्पन्न गरी सोही अनुरुप खानेपानी आपूर्ति र व्यवस्थापन गर्न पहल गरिनेछ ।

४.१२ नगर क्षेत्रभित्र सार्वजनिक, निजी सहकारी अवधारणामा अत्याधुनिक **ट्रमा सेन्टर** निर्माण गर्न जग्गा व्यवस्थापन गरिनेछ ।

४.१३ व्यापारिक गतिविधिलाई अवरोध रहित सञ्चालन गर्न मुख्य शहरी क्षेत्रमा **पूर्वाधार निर्माणका कामहरु रात्री समयमा** गर्ने गरी व्यवस्था मिलाइनेछ ।

४.१४ उजिरसिंह नगर अटोभिलेजमा खानेपानी पाइप विस्तार, सडक तथा नाला जस्ता पूर्वाधार निर्माण कार्यमा व्यावसायीको ६०% उप-महानगरपालिकाको ४०% सहभागिता हुने गरी सहकार्य गरिनेछ ।

४.१५ नगरको ढुवानी सम्बन्धी व्यवसायलाई एकीकृत रुपमा व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारी ढाँचामा वडा नं. १२ मा "Transport City" सञ्चालन गरिनेछ ।

४.१६ बजेट विनियोजन गर्दा वडा तथा भूगोल क्षेत्रको विकासको अवस्था, आवादी तथा जनसंख्या, राजश्व श्रोतको योगदान, भूगोल क्षेत्र समेतका आधारमा संतुलित र न्यायोचित बनाउन प्रयत्न गरिएकोछ ।

४.१७ दिगो तथा योजनाबद्ध विकासलाई व्यवस्थित गर्न, योजना तर्जुमा कार्यान्वयनमा पृष्ठपोषण गर्न, विषयगत क्षेत्रको विकासमा आवश्यक सहयोग पुऱ्याउन, शहरी पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, वित्तीय तथा राजश्व परिचालन, सानिसा परियोजनाको पहिचान, गरिबी न्यूनिकरण रणनीति, सूचना प्रविधि जस्ता महत्वपूर्ण विषयमा अल्पकालिन तथा दीर्घकालिन योजना निर्माण गर्न, अध्ययन अनुसन्धान तथा योजना अनुगमन र नियमनको प्रणाली स्थापित गर्न नगर योजना आयोग सम्बन्धी कानूनको तर्जुमा गरी एक **नगर योजना आयोग** गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।

४.१८ संघीय सरकार तथा प्रदेश सरकारबाट प्रस्तावित राष्ट्रिय प्राथमिकता तथा राष्ट्रिय गौरवका आयोजनाहरुको शीघ्र कार्यान्वयनका लागि आवश्यक पहल गरिनेछ ।

४.१९ उज्यालो शहर अभियान अन्तर्गत सानिसामा नगरका मुख्य सडक, चोक तथा सार्वजनिक क्षेत्रमा सोलार बत्ती व्यवस्थापन गरिनेछ । टोल विकास संस्थाहरुसँग समन्वय गरी सडक बत्ती व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४.२० भू-उपयोग योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ । स्वीकृति नलिई जग्गाको प्लटिङ्ग गर्ने कार्यलाई दण्डनीय बनाइनेछ ।

४.२१ एशीयाली विकास बैंकको ऋण तथा अनुदान सहायोगमा फोहर व्यवस्थापन केन्द्र र वडा नं. ७ र ८ को खानेपानी योजनाको कार्यान्वयनमा परेका असुविधा र द्विविधाको सम्बन्धमा सम्बन्धित पक्षहरुसँग समन्वय गरी शीघ्र कार्यान्वयन वा त्यसको वैकल्पिक उपाय अवलम्बन गरी ठोस निष्कर्ष निकालिने छ र आवश्यक उपाय अवलम्बन गरी फोहर व्यवस्थापन र खानेपानी आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ ।

४.२२ स्वथ्य मासु उपभोग गर्न पाउने उपभोक्ताको अधिकार सूनिश्चित गर्न पशु बधशालाको निर्माण सम्पन्न गरी सञ्चालनका लागि उच्च प्राथमिकतामा राखिनेछ ।

४.२३ उप महानगरपालिकाको भौगोलिक सूचना प्रणाली GIS लाई अद्यावधिक गर्दै योजना तर्जुमा राजश्व परिचालन र योजना कार्यान्वयनमा ल्याईनेछ ।

४.२४ खरिद प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धात्मक गराउनका लागि E-submission विधिलाई अझ बढी प्रभावकारी बनाउनुका साथै पूर्वाधार निर्माणको

गुणस्तरीयता परीक्षण गर्ने प्रविधि प्रयोगशाला स्थापना गरी परिक्षण उत्तीर्ण प्रभाण पत्र जारी गर्ने नीति लिइनेछ ।

४.२५ **"हाम्रो सडक-हाम्रो सहभागिता, स्तरिय सडक-हाम्रो प्रतिबद्धता"** अनुरुप उपमहानगर क्षेत्रभित्रका कच्ची सडकलाई कल्भर्ट, ह्युमपाइप सहित ग्राभेल सडकमा स्तरोन्नति गर्ने र नगर उन्मुख ग्रामीण क्षेत्रमा बाँकी रहेका स्थानमा ग्राभेलिङ, ह्युम पाइप र कल्भर्ट निर्माण र कालोपत्रे सडकहरुको मर्मत गरि **"खाल्टा मुक्त सडक"** बनाउन कार्यलाई अभियानकै रुपमा निरन्तरता दिइनेछ ।

४.२६ प्रस्तावित चक्रपथमा पूल,कल्भर्ट, नाली ग्राभेलिङ्ग तथा मर्मत संभार कार्य गरि संचालनमा ल्याईनेछ

४.२७ अत्याधुनिक प्रादेशिक वस पार्क तथा ट्रक पार्किङ्ग क्षेत्रको पहिचान, जग्गा प्राप्ति र संभाव्यता अध्ययन सहित कार्यान्वयन प्रकृया अघि बढाईनेछ ।

४.२८ अटो व्यवसायीहरुको लागि प्रस्तावित मोतिपुर औद्योगिक क्षेत्रमा अटो व्यवसायलाई उपयुक्तताको आधारमा समावेस गर्न पहल गरिनेछ ।

४.२९ बुटवल उपमहानगर क्षेत्रका संम्पूर्ण सडकहरुलाई समेटने गरी सतह ढल निर्माणका लागि गुरुयोजना तयार पारी कार्यान्वयनमा ल्याईनेछ ।

४.३० खानेपानी व्यवस्थापन बोर्डको गठन गरी खानेपानी संस्थानलाई बुटवल उपमहानगरपालिका अन्तर्गत हस्तान्तरण गर्न पहल गरिनेछ । सम्पूर्ण खानेपानी उपभोक्ता संस्थाहरुलाई एकीकृत ढंगले संचालनमा ल्याईने छ । साथै **"एकीकृत खानेपानी व्यवस्थापन गुरुयोजना"** र विस्तृत डिपिआर तयार गरि कार्यान्वयनमा जोड दिइनेछ ।

४.३१ एतिहासिक बटौलि क्षेत्रमा रहेका परम्परागत धार्मिक एवं पुरातात्विक संपदाहरुको संरक्षण तथा हाउस पुलिङ्ग सम्बन्धी गुरुयोजना तयार गरी कार्यान्वयनमा पहल गरिनेछ ।

४.३२ विभिन्न घाट तथा शवदाह स्थलहरुलाई थप व्यवस्थित गर्न आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।

४.३३ राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयनमा जोडदिने र निर्माण क्षेत्रसंग सम्बद्ध श्रमिकहरुका लागि बिमा गर्ने नीति लिइनेछ ।

४.३४ विभिन्न पार्कहरुको गुरुयोजना निर्माण तथा अद्यावधिक गरी कार्यान्वयनमा ल्याउन सहकार्य गरिनेछ।

४.३५ बेलबास, नहरपूर, मोतिपूर तथा सेमलार क्षेत्रमा **स्याटेलाईट सहर**को विकासका निम्ती आवश्यक अध्ययन कार्य अघि बढाईनेछ । उक्त क्षेत्रमा

जग्गा एकीकरण/जग्गा विकास कार्यक्रम सम्बन्धी योजना तयार पारी कार्यान्वयन प्रकृया अघि बढाईनेछ ।

४.३६ बुटवल उपमहानगरपालिकाको एकीकृत शहरी विकास योजना अनुरुप योजना तथा कार्यक्रम तय गरी कार्यान्वयनमा ल्याईनेछ । अधुरा तथा क्रमागत आयोजनाहरुलाई प्राथमिकता दिई सम्पन्न गर्दै लगिनेछ ।

४.३७ ठूला आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी सामाजिक, आर्थिक र वातावरणीय दृष्टिकोणबाट सम्भाव्य आयोजनाहरुको कार्यान्वयनमा जोड दिईनेछ ।

४.३८ पूर्वाधार विकासकालागि जनपरिचालन र जनसहभागितामा आधारित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ । उपमहानगरपालिका/जनसहभागिता नीति देहाय बमोजिम अनुपात हुने गरी सहभागिता सहकार्य गरिनेछ ।

क) सडक, नाला निर्माण तर्फ

- तिनाउ नदी पूर्वका वडाहरुमा ४०% र ६० % ।
- तिनाउ नदी पश्चिमका वडा नं. १, २ र ११ को तिनाउ पश्चिमको भाग र वडा नं. १४ देखी १९ सम्मको क्षेत्रमा ७०% र ३०% ।
- वडा नं. १२ र १३ मा ५० % र ५० % ।

ख) ग्राभेल सडक निर्माणमा तिनाउ पश्चिम ८०% र २०% तिनाउ पूर्व ६०% र ४०% ।

ग) ह्युम पाइप, कल्भर्ट, तटबन्ध, पुल जस्ता संरचना निर्माण कार्यमा अवस्था हेरी बढीमा १५% उपभोक्ता जनसहभागिता अपेक्षा गरिएको छ ।

घ) मुख्य बजार क्षेत्रका (अमरपथ, राममन्दिर लाइन, संगमपथ, ज्योतिपथ, मैत्रीपथ, श्रवणपथ, दरवार मार्ग समेतमा) सडकहरु उपभोक्ता मार्फत पुर्न निर्माण गर्दा उपभोक्ता सहभागिता १५% कायम गरिनेछ ।

ङ) अति विपन्न, सिमान्तकृत बस्ति, समुदाय र सार्वजनिक धार्मिक तथा सामुदायिक शैक्षिक क्षेत्रको संस्थाको सहभागिताको सम्बन्धमा कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

४.३९ **"शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, पर्यटन, कृषि, उद्योग र व्यापार–बुटवल उपमहानगरको विकासको मूलआधार"** अभियान भित्रका बुटवलको समग्र विकासका अग्रणी क्षेत्र उन्मुख कार्यक्रम सञ्चालन गर्न विषयगत क्षेत्रसग सम्बन्धित संघ सस्था र निजीक्षेत्र संग समन्वय र सहकार्य गरी सानिसा लाई प्रबर्धन गर्ने नीति लिइनेछ ।

४.४० खानेपानी, दुरसञ्चार विस्तार एवं मर्मत सम्भार समेतका कुनै पनि प्रयोजनका लागि बर्षायाममा सडक कटान गर्दा र तत्काल मर्मत (प्याच वर्क) कार्य हुन नसक्दा क्षती बढ्ने हुँदाः

क. आषाढ, श्रावण र भाद्र महिनामा सडक कटान अनुमति नदिने ।

ख. अन्य समयमा पूर्व स्वीकृति लिई कटान भएको सडक खण्डको मर्मत कार्य एक महिना भित्रै सम्पन्न गर्ने बन्दोबस्ती मिलाउने ।

४.४१ भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाउन अभिमुखिकरण तालिम दिइनेछ । आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि पनि दीर्घकालसम्म आयोजनाको उपयोग, व्यवस्थापन र मर्मत सम्भारमा उपभोक्ताहरुलाई जिम्मेवार बनाउने नीति लिइनेछ ।

४.४२ योजना तयारी कार्यान्वयन र अनुगमन कार्य छिटो छरितो प्रभावकारी बनाउन सुचना प्रविधी लगायतका नविनतम प्रविधीहरुको प्रयोगमा जोड दिईनेछ ।

४.४३ सःशुल्क पार्किङ्ग तथा सामुदायिक/सार्वजिनिक शौचालयका लागि स्थान पहिचान गरि सामुदायिक वा सानिसा अवधारणामा निर्माण एवं सञ्चालन गर्न पहल गरिनेछ ।

४.४४ वडा भेला तथा वडा कार्यालयहरुबाट सिफारिस भै आएका प्राप्त सबै योजनाहरुको Project Bank वनाई श्रोत व्यवस्थापन भएका आधारमा कार्यान्वयन गर्दै लगिनेछ ।

४.४५ **“ऐतिहासिक धरोहर राष्ट्रियताको पहरेदार”** बुटवल जितगढी किल्लामा उच्च विशाल राष्ट्रिय झण्डा तथा कर्णेल उजिर सिंहको पूर्णकदको शालिक स्थापना एवं हिलपार्कमा विशाल बुद्ध मूर्ति स्थापना र पुरानो बटौलिको मौलिक पहिचान स्थापित गर्न गुरु योजना निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

४.४६ नगरको मुख्य शहरी क्षेत्रमा रहेका विद्युतका पोलहरुमा अव्यवस्थित रुपमा रहेका टेलिफोन, केवल लगायतका तारहरुको व्यवस्थापन गर्न लगाइनेछ ।

४.४७ छिमेकी नगरपालिकाहरुसंग समन्वय गरी फोहर व्यवस्थापनको लागि संयुक्त परियोजना संचालन गर्न पहल गरिनेछ । नेपाल सरकार र एशियाली विकास वैकको ऋण तथा अनुदान सहयोगमा निर्माणाधिन फोहोर प्रशोधन केन्द्र निर्माण कार्यलाई छिमेकी देवदह नगरपालिकासगं समन्यव गरी अघी बढाइनेछ ।

**<u>५. सामाजिक विकास सम्बन्धी नीतिहरु</u>**

**५.१ सामाजिक परिचलान तथा सामुदायिक विकासः**

५.१.१ मानवीय मूल्य र मान्यतालाई आत्मसात गरी मानव सभ्यता र संस्कृतिहरुको प्रबर्द्धन गर्दै, सरल जीवन शैली र पद्धतिको धरातलमा **"मानवताको शहर बुटवल उपमहानगर"** (City with Humanity) बनाउने लक्ष्यका साथ सञ्चालन गरिदै आएका अभियानहरुलाई निरन्तरता दिइनेछ ।

- **लैङ्गिक मैत्री, बाल मैत्री, वातावरण मैत्री, प्लाष्टिक झोलामुक्त, पूर्ण सरसफाई युक्त, अपाङ्गमैत्री, सडक मानव मुक्त शहर बुटवल उपमहानगर** बनाउने महत्वपूर्ण अभियानहरु सञ्चालन गरिनेछन् ।
- सम्पन्न गरिएका "**<u>साक्षरता युक्त, खुल्ला दिसामुक्त, पूर्ण खोपयुक्त, छुवाछुत मुक्त बुटवल</u>**" अभियानलाई थप प्रवर्द्धन गरिनेछ ।
- सडक बालबालिका मुक्त बुटवलका साथै सडक मानव मुक्त बुटवल बनाउने अभियानलाई प्राथमिकतामा राखिएको छ ।

५.१.२ **"लैगिङ्ग मैत्री शहर वुटवल उप महानगर"** अभियानलाई सार्थक तुल्याउन लैगिक हिंसामुक्त समाज निर्माण गर्न तयार गरिएको कार्य योजना कार्यान्वयन गरिनेछ ।

५.१.३ टोल विकास संस्थाहरुलाई नगरपालिकाको आधारभुत/समुदायतहको सहयोगी अंगको रुपमा थप स्थापित गर्दै विकास निर्माण, समुदाय परिचालन सामाजिक अभियान सञ्चालन र राजश्व संकलन समेतमा सहकार्य गरी थप सुदृढ बनाउदै लगिनेछ ।

५.१.४ छिमेकी स्थानीय सरकारहरुसँग प्राकृतिक स्रोत, सरसफाई व्यवस्थापन, बारुणयन्त्र सञ्चालन जस्ता विषयहरुमा समन्वयात्मक, सहयोगात्मक र असल छिमेकी सम्बन्ध कायम गरी दीर्घकालिन तथा महानगरीय अवधारणामा कार्य गरिनेछ ।

५.१.५ वुटवल उप महानगरपालिकामा रहेका विभिन्न अक्षय कोषहरुलाई वढि भन्दा वढि प्रतिफल प्राप्त गर्ने र उद्देश्य वमोजिमका कार्यक्रम संचालनमा परिचालन गरिनेछ ।

५.१.६ अनुदानलाई नतिजामुखि बनाउने कार्यक्रमलाई बढावा दिदै न्यून आय भएका गरिब तथा विपन्न वर्गमा उत्पादनका स्रोत साधनहरुमा अनुदान केन्द्रित गर्ने र व्यवसाय मूलक कृषि रोजगारी प्रवर्द्धनका लागि उत्पादित वस्तुको परिमाणमा आधारित अनुदान कार्यक्रम संचालन गर्नेनीति लिइनेछ ।

५.१.७ लैंङ्गिक तथा घरेलु हिंसा, यौन शोषण, जोखिममा परेका बालबालिका, अपाङ्गता, एकल महिला तथा यौनिक अल्पसंख्यकहरुलाई दृष्टिगत गरी

अवसर र हित प्रबर्द्धन सम्बन्धी **विशेष कार्यक्रम** सञ्चालन गरिनेछ। महिला, बालबालिका, अपाङ्गता भएका, आदिवासी, जनजाति, दलित, अल्पसंख्यक र जेष्ठ नागरिक, सीमान्तकृत वर्ग समुदायको सामाजिक आर्थिक र मानवीय विकासका लागि आवश्यकतामा आधारित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**५.१.८** महिला, आदिवासी जनजाति, दलित एवं मुस्लिम समुदाय उत्थान समितिहरु गठन गरी लक्षित वर्गको सशक्तिकरणका लागि कार्यक्रम सञ्चालन गरी मूल प्रवाहीकरण गरिनेछ।

**५.१.९** न्यायमा सर्वसाधारणको पहुँचका लागि मेलमिलाप केन्द्रको क्षमता अभिवृद्धि गर्नुका साथै थप मेलमिलाप कर्ता (मध्यस्थ) तयार गरी न्यायिक समितिलाई थप प्रभावकारी बनाउने उपायहरु अवलम्बन गरिनेछ।

**५.१.१०** सीप तथा क्षमता विकास र सशक्तिकरणका कार्यक्रम मार्फत गरिब तथा विपन्न परिवार र सिमान्तकृत समुदायका लागि रोजगारी प्रबर्द्धन गर्न **मेयर युवा इलम कार्यक्रम** सञ्चालनलाई निरन्तरता दिइनेछ। व्यवसायिक शिप विकास तालिम केन्द्र, कोरिया नेपाल टेक्निकल ईन्टीच्युट र बुटवल टेक्निकल ईन्स्टीच्युट जस्ता रोजगारमुलक शिप विकास तालिम दिने संस्था संग सहकार्यगरी तत्काल रोजगारी सृजनाहुने खालका तालिम सिप सिकाउने र उत्पादित जनशक्तिलाई बजारीकरण गर्ने नीति लिइनेछ।

५.१.११ गैसस सँगका सहकार्यका कार्यक्रममा दोहोरोपन नहुने गरी मात्र उद्देश्य, गतिविधि र अनुभव समेतलाई दृष्टिगत गरी सहकार्य गरिनेछ। आफूखुशी क्रियाकलाप सञ्चालन गर्ने गैससहरुलाई निरुत्साहित गरिनेछ।

५.१.१२ अपाङ्गता भएका व्यक्तिहरूको वर्गीकृत (Classified) तथ्याङ्क संकलन गरी व्यवस्थित गर्दै तथ्याङ्क संकलनलाई नियमित र अध्यावधिक बनाई थप व्यवस्थित गरिनेछ। समन्वय समिति निर्माण गरी अपाङ्गता भएका व्यक्तिहरूका लागि परिचयपत्र वितरण प्रक्रिया शुरु गरिनेछ।

५.१.१३ अपाङ्गताका आधारमा विभेद हुन नदिन जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरि विभेदलाइ निरूत्साहित गर्ने र कानुनी कार्वाहीको दायरामा ल्याउन आवश्यक पहल गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४ मा भएका व्यवस्थाहरूलाई कार्यान्वयन गर्न पहल गरिनेछ।

५.१.१४ **"समावेशी शिक्षा नीति २०७४"** लाई पूर्ण रूपमा लागु गर्न, गराउन सबै विद्यालयमा आवश्यक पहल गर्ने, विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकालाइ विद्यालय पुर्याउन वातावरण निर्माण गर्न, छात्रवृत्ति तथा पहुँचयुक्त छात्रवासको व्यवस्था गर्न, तालिम प्राप्त शिक्षक तयार गर्न र

विद्यालयको भौतिक वातावरण अपाङ्गता भएका व्यक्ति लगायत सबैका लागि पहुँचयुक्त बनाउन पहल गरिनेछ ।

५.१.१५ अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री र आधारभूत पुनःस्थापना सेवाहरू उपलब्ध गराउन आवश्यक मानवीय, भौतिक तथा प्राविधिक स्रोतको व्यवस्थालाई प्राथमिकता दिइनेछ । अपाङ्गता भएका व्यक्तिहरुका लागि स्थानीय स्वास्थ्य संस्था मार्फत निःशुल्क उपचार, स्वास्थ्य जाँच, परामर्श र प्रेषण सेवाहरू उपलब्ध गराउन पहल गरिनेछ ।

५.१.१६ स्थानीय तहमा निर्माण गरिने भौतिक, सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक सबै प्रकारका विकास योजनाहरूमा अपाङ्गता भएका व्यक्तिका सवालहरूलाइ समावेश गराउने र यसका लागि योजना निर्माण देखी कार्यान्वयन र अनुगमनमा समेत अपाङ्गता सरोकार क्षेत्रका संस्थाहरूलाइ सहभागी गराइनेछ।

५.१.१७ सबै वडाहरुमा अपाङ्गता भएका व्यक्तिहरु र अभिभावक सम्मिलित स्वावलम्बी समुहहरु बनाइ क्षमता विकास गर्ने र नगर स्तरमा समन्वयका लागि **"अपाङ्गता नगर समन्वय समिति"** बनाई क्रियाशिल गराइनेछ ।

५.१.१८ अपाङ्गताको अवस्था आउन नदिन अपाङ्गता रोकथाम तथा नियन्त्रणका लागि आवश्यक उपचार, परामर्श र जनचेतना कार्यक्रम सञ्चालन गरिनेछन । अपाङ्गताको क्षेत्रमा कार्यरत संघसस्थाको संस्थागत विकासमा सहयोग गर्ने नीति लिइनेछ ।

५.१.१९ अपाङ्गमैत्री शहर बुटवल उपमहानगर कार्ययोजना कार्यान्वयनका लागि सरोकारवालहरु सँग सहकार्यमा अभियान सञ्चालन गरिनेछन ।

५.१.२० उद्यमतामा महिलाको भुमिका अभिवृद्धि गर्न र उद्यमी महिलालाई प्रेरित गर्न **"उप प्रमुख महिला उद्यमी विकास तथा प्रोत्साहन कार्यक्रम"** सञ्चालन गरिनेछ ।

५.१.२१ बुटवलदेखि सिद्धार्थनगर, लुम्विनी, तिलौराकोट देवदह र रामग्राम जोडने गरी टुरिस्ट वस तथा ट्रलिवस संचालन एवं मोनोरेल सेवा सम्वन्धमा सम्भाव्यता अध्ययन गरी कार्यान्वयन प्रकृया अघि बढाउन आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।

५.१.२२ नगरको पहिचान दिने, रोजगारी र स्वरोजगारिता सृजना गर्ने, स्थानीय श्रोत साधनको अतिकतम प्रयोग हुने योजना कार्यक्रमलाई प्राथमिकता दिई गरिबी न्यूनीकरण एवं समावेशी विकासबाट सामाजिक विभेद कमगर्दै जाने नीति लिइनेछ

५.१.२३ **“श्रमिक महिलाहरुको आवश्यकता र शिशुको स्याहार पाउने हक”** लाई ख्याल गर्दै वुटवल उप महानगरक्षेत्रभित्र कम्तीमा २५ सिट क्षमताको शिशु स्याहार केन्द्र संचालन गर्ने  व्यक्ति वा संस्थालाई  प्रोत्साहन गर्न सहयोग गरिनेछ ।

५.१.२४ हिंसा पीडित महिलाहरुका लागि सुरक्षित आवास संचालन व्यवस्थापनमा संघ संस्थाहरुसंगको सहकार्यलाई निरन्तरता दिई थप व्यवस्थित वनाइनेछ । सुरक्षित आवासको निरन्तर व्यवस्थापनको लागि स्थायी पूर्वाधारको निर्माणमा पहल गरिनेछ ।

५.१.२५ सामाजिक कुरीतिको रुपमा रहेको वालविवाह, वहुविवाह, रुढीवाद अन्ध विश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत् सचेतीकरण गरिनेछ ।

५.१.२६ सामाजिक परिचालन, समावेशी र मूल प्रवाहीकरणमा जोड दिइनेछ । विकास आयोजनाको सञ्चालनमा महिलालाई अनिवार्य सहभागी गराउने नीति लिइनेछ ।

५.१.२७ उप-महानगरपालिका भित्र स्थानीय स्तरमा समेत समन्वय गरी आवश्यक र उपयुक्त ठाऊमा व्यवस्थापन गरी अपाङ.मैत्री तथा लैङ्गिक मैत्री सार्वजनिक शौचालय निर्माण गरी/गराई सञ्चालनमा ल्याइनेछ । पूर्वाधार निर्माण गर्दा महिलामैत्री, वाल मैत्री तथा अपाङ्गमैत्री पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ ।

५.१.२८ सडक वाल वालिकाहरुको पुनर्स्थापना र समुदाय सचेतीकरण कार्यक्रम संचालन गरिनेछ । आश्रय आवश्यक पर्ने पीडित वालवालिकाहरुको लागि सुरक्षित आवासको व्यवस्था मिलाइनेछ । निकृष्ट प्रकारको वालश्रमलाई निषेध गरिने छ । सडक बालबालिका मुक्त बुटवल बनाई, बालमैत्री नगर घोषणाको अवस्थामा पुर्याउने कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् ।

५.१.२९ सामाजिक सुरक्षा भत्ता पायक पर्ने नजिकको वैंक मार्फत् संवन्धित वडा कार्यालयको व्यवस्थापनमा वितरण गरी घर घर पुर्‍याउने व्यवस्थालाई प्रभावकारी वनाइनेछ ।

५.१.३० समाजका अग्रज सम्मानित ज्येष्ठ नागरिकहरुको भूमिका र योगदानलाई उच्च महत्व दिइनेछ । ज्येष्ठ नागरिकहरुको विविध अवस्था विशेषको आधाारमा तथ्यांक व्यवस्थित गरिनेछ । ज्येष्ठ नागरिकहरुको दिनचर्यालाई सहज र सक्रिय वनाउन **“ज्येष्ठ नागरिकः एक वडा, एक मिलन केन्द्र”** संचालन गरिनेछ ।

५.१.३१ अनौपचारिक क्षेत्रका श्रमिक कामदारहरुको पञ्जीकरण गरिनेछ । तथ्यांक व्यवस्थित गरी  निजहरुको हित प्रवर्द्धन हुने कार्यक्रमहरु संचालन गरिनेछ ।

साथै श्रमिकहरुको समस्या तत्काल समाधानार्थ **श्रम डेस्क** मार्फत कार्य पहल गरिनेछ ।

५.१.३२ उपमहानगरपालिकाबाट प्रदान गरिने सेवाहरुमा असह्याय अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरिक, गर्भवती, सुत्केरी र अशक्तलाई **सेवामा अग्राधिकार** दिइनेछ ।

५.१.३३ गरिवीको पहिचान गरी शहरी गरिवी न्यूनिकरण रणनीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ । गरिवी न्यूनिकरणका लागि विभिन्न खालका आय आर्जनमा सहयोग पुग्ने सीपमूलक तालिम संचालन गरिनेछ । स्वरोजगार महिला उद्यमीहरुलाई विशेष प्रोत्साहन तथा सहयोग गरिनेछ ।

५.१.३४ छुवाछुतमुक्त समाजको अवधारणालाई सार्थक वनाउन समुदाय तहसम्म अन्तर्घुलन लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । जातीय भेदभाव, छुवाछुत सामाजिक अपराध भएकोले दण्डनीय वनाइनेछ ।

५.१.३५ परम्परागत पेशा, सीप र प्रविधिमा आधारित व्यवसायलाई समावेशीकरण, र आधुनिकीकरण गर्न प्रोत्साहन गरिनेछ ।

५.१.३६ **एक परिवार एक सदस्य**को अवधारणामा गठन भई परिचालन भएका टोल विकास संस्थाहरुको भूमिका समुदाय परिचालन र ससक्तिकरणमा महत्वपूर्ण रहेको हुंदा थप सक्रिय र संस्थागत वनाउदै लगिनेछ । समेटिन छुटेका घर धुरी एवं वस्तीहरुलाई टोल विकास संस्थाहरुको नियमित गठन, पुर्नगठन प्रक्रियाबाट समेट्दै लगिनेछ ।

५.१.३७ सामाजिक परिचालनका माध्यमवाट गठन भएका टोल विकास संस्था, नागरिक सचेतना केन्द्र, ज्येष्ठ नागरिक मञ्च, वाल क्लव जस्ता सामुदायिक संस्थाहरुको गठन पुर्नगठन र नियमित परिचालन गरी नतिजामूलक बनाउन सम्वन्धित वडा कार्यालय मातहत सामाजिक परिचालक मार्फत प्रभावकारी कार्यान्वयन गरिनेछ ।

५.१.३८ उप महानगरक्षेत्रभित्र क्रियाशील गैर सरकारी संस्थाहरुको कार्यलाई व्यवस्थित र नतिजामूलक वनाउन गैसस परिचालन संवन्धि नीति वनाई कार्यान्वयन गरिनेछ । साथै गैससहरुका विचमा समन्वय गर्न **उप महानगरस्तरीय गैसस समन्वय** समितिलाई क्रियाशील गराइनेछ ।

५.१.३९ **शिक्षा, स्वास्थ्य, सञ्चार, - यातायात र पर्यटन, उद्योग र व्यापार बुटवल उपमहानगरको विकासको मूलआधार** भन्ने नारा भित्रका बुटवलको विकासमा अग्रणी क्षेत्र उन्मुख कार्यक्रम सञ्चालन गर्ने विषय क्षेत्रसंग सम्बन्धित संघ सस्था, निजीक्षेत्रसंग समन्वय र सहकार्य गरी सार्वजनिक निजि साझेदारीलाई प्रबर्धन गर्न तथा त्यस्ता कार्यक्रमहरु ल्याउन प्रोत्साहित गरिनेछ ।

५.१.४० उप महानगरपालिका र विभिन्न संघ संस्थाहरुको सहकार्यका सञ्चालन हुने कार्यक्रमहरुको कार्यक्रम सम्पन्न प्रतिवेदन उप महानगरपालिकामा पेश गर्न

अनिवार्य गरिनेछ । गैरसरकारी संघ सस्थाहरुसंगको सहकार्यलाई प्राथमिकता दिईने छ । बुटवल उप महानगरपालिका क्षेत्र भित्र कार्यक्रम सञ्चालन गर्ने सबै गैससहरुका कार्यक्रमहरु नगर विकास योजनामा अनिवार्य समावेश गराउन पहल गरिनेछ ।

५.१.४१ नागरिक सेवा र सुरक्षाका लागि स्थापना भएका प्रहरी चौकीहरुको आधारभूत व्यवस्थापन र थप प्रहरी चौकी स्थापनाका लागि आवश्यक सहयोग एवं समन्वय गरिनेछ । नागरिक प्रहरी सहकार्य वढाउन "नागरिक सेवामा प्रहरी, प्रहरी सहयोगमा नागरिक" अभियान संचालन गरिनेछ ।

## ५.२ शिक्षा सम्बन्धी नीतिहरुः

५.२.१ विद्यालय शिक्षामा जीवनोपयोगी तथा व्यवहार कुशल सीप र मूल्यमा आधारित शिक्षालाई समेट्ने गरी स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

५.२.२ प्राविधिक र व्यावसायिक विद्यालयहरू सञ्चालनका लागि आवश्यक संस्थागत संरचना तथा नियमनकारी व्यवस्थालाई प्रभावकारी बनाउन बुटवल शैक्षिक कार्यपत्र तयार गर्न शिक्षा क्षेत्रका विद्वान्हरुलाई आमन्त्रण गरी शैक्षिक संगोष्ठीको आयोजना गरी आवश्यक सल्लाह र सुझाव संकलन गरी आवश्यक संरचना तयार गरिनेछ ।

५.२.३ सामुदायिक विद्यालय, संस्थागत विद्यालय निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकासका साझेदारहरूसँगको सहकार्यबाट प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका अवसरहरू विस्तार गरिनेछ ।

५.२.४ सामुदायिक विद्यालयहरूको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धि अभिवृद्धिका लागि प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करारको व्यवस्था लागू गरिनेछ । विद्यालयको स्तर अभिवृद्धि गर्न विशेष सहुलियत सहित एक विद्यालयको प्रधानाध्यापक वा शिक्षकलाई अर्को विद्यालयमा शैक्षिक सुधारको निमित्त पठाउने नीति अवलम्बन गरिने छ । करार सम्झौता बमोजिम कार्यसम्पन्न गर्ने प्रधानाध्यापक र शिक्षकलाई पुरस्कार तथा प्रोत्साहनको व्यवस्था गरिने छ ।

५.२.५ विद्यालयको पूर्वाधार निर्माणमा सहयोग र शैक्षिक गुण्स्तर परीक्षण गर्न विषेशज्ञसहितको गुणस्तर परीक्षण संयन्त्र गठन गरिने छ ।

५.२.६ शिक्षकहरूको कार्यसम्पादनलाई सम्बन्धित विषय शिक्षकले अध्यापन गरेका विद्यार्थीले हासिल गरेको नतिजासँग आबद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ ।

५.२.७ विद्यालयहरूको सञ्चालन तथा कार्यसम्पादनस्तरको वार्षिक रूपमा कार्य सम्पादन परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागू गरिनेछ ।

५.२.८ शिक्षक विद्यार्थीको अनुपात, सञ्चालित कक्षा र विषयगत शिक्षक समेतका आधारमा नगरपालिका भित्रका विद्यालयहरूमा शिक्षक दरबन्दी मिलान गरिनेछ । अति न्यून दरबन्दी रहेका, दरबन्दी नै नरहेका विद्यालयहरूलाई मापदण्डको आधारमा अनुदान दिने व्यवस्था गरिनेछ ।

५.२.९ आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य हुने व्यवस्थाको सुनिश्चितताको लागि वैकल्पिक तथा अनौपचारिक शिक्षाका कक्षाहरू सञ्चालन गरिनेछ । सबै बालबालिकाहरूको विद्यालय तहको पहुँचको सुनिश्चित गर्न सबै वडाहरूलाई जिम्मेवार बनाइने छ ।

५.२.१० विद्यालयको शैक्षिक, भौतिक र मानवीय व्यवस्थापनका कार्यहरूलाई व्यवस्थित गर्न र गुणस्तर अभिवृद्ध गर्न क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छ ।

५.२.११ सामुदायिक विद्यालयमा विद्यार्थीहरूको आकर्षण बढाउन शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यहरू सञ्चालन गर्नुका साथै अनुगमन संयन्त्रलाई प्रभावकारी बनाइने छ ।

५.२.१२ सीमान्तकृत र अति विपन्न वर्गका बालबालिकाहरूलाई विद्यालयमा भिकाउन, टिकाउन र सिकाउन प्रदान गरिएका सहयोग कार्यक्रमहरूलाई निरन्तरता प्रदान गरिनेछ । साथै प्रारम्भिक बाल कक्षाहरुलाई प्रभावकारी बनाइनेछ ।

## ५.३ सूचना सञ्चार सम्बन्धी नीतिहरुः

५.३.१ वुटवल सञ्चारमा मोफसलको राजधानीका रुपमा स्थापित र परिचित छ । यसको गरिमालाई थप उचो वनाउन सञ्चारको क्षेत्रबाट, आर्थिक सामाजिक र पूर्वाधार समेतका समग्र विकास अभियानलाई थप योगदान दिन सञ्चार क्षेत्रलाई प्रोत्साहित गर्ने उद्देश्यले उपमहानगरपालिकाद्वारा स्थापित **सञ्चारकर्मी/सञ्चार माध्यमको क्षमता विकास तथा स्वास्थ्य उपचार सहायता कोष** परिचालन गरिनेछ । उप महानगरपालिकाले स्थापना गरेको "**उत्कृष्ट पत्रकारिता पुरस्कार**" कोषलाई वृद्धि गर्दै लगिनेछ ।

५.३.२ लोक कल्याणकारी विज्ञापनलाई सबै मिडिया हाउस सम्म पुऱ्याइनेछ ।

५.३.३ नगर विकासका गतिविधि, विकास कार्यक्रमले नगरबासीको सामाजिक आर्थिक तथा मानवीय विकास, जिवन स्तरमा पारेको सकारात्मक प्रभावलाई जनस्तरमा पुऱ्याई प्रशारित गर्ने कार्यलाई प्रोत्साहित गर्न "बुटवल विकास पत्रकारिता पुरस्कार" स्थापना गरिनेछ ।

५.३.४ नगरक्षेत्रमा डिजिटल बोर्ड राख्न प्रोत्साहित गरिनेछ । व्यवसायिक पहिचान खुलाउन राखिने साइन बोर्डहरुलाई, One Size One Height गराउन पहल गरिनेछ ।

५.३.५ नगर क्षेत्रका सार्वजनिक सरोकारका मुख्य क्षेत्रहरुलाई “फ्रि वाइफाई जोन” घोषणा गरिनेछ । त्यस्ता महत्वपूर्ण स्थानमा पिउने पानीको प्रबन्ध गरिनेछ ।

## ५.४ युवा तथा खेलकुद सम्बन्धी नीतिहरुः

५.४.१ **“स्वस्थ मस्तिष्कका लागि स्वस्थ शरीर”** भन्ने तत्थ्यलाई दृष्टिगत गरी विभिन्न खेल पूर्वाधार विकास गर्नुका साथै खेल र खेलाडीहरुलाई उत्साहित र क्रियाशील बनाइ विभिन्न खेलकुद कार्यक्रम सञ्चालन प्रबन्ध मिलाउन **नगर खेलकुद समिति** गठन गरिनेछ ।

५.४.२ राष्ट्र र समाजका लागि उल्लेख्य योगदान दिने व्यक्ति व्यक्तित्वको सम्मानमा स्थापना गरिएका विभिन्न खेलकूद कार्यक्रम तथा रचनात्मक क्रियाकलाप सञ्चालनमा सहयोग गर्ने नीति लिइनेछ ।

५.४.३ युवा वर्गलाई खेलकूदको माध्यमवाट स्वस्थ जीवनशैली, सिर्जनात्मक क्षमताको विकास र समाजको प्रतिष्ठा अभिवृद्धि गर्न प्रेरित गरिनेछ ।

५.४.४ लागु पदार्थ दुर्व्यसन, एचआइभी एड्स नियन्त्रण गर्न समुदाय तहमा सचेतिकरण कार्यक्रम सञ्चालन गरिनेछ । दुर्व्यसन मुक्त समाज निर्माणका लागि सकारात्मक सोंच सम्बन्धी तालिमवाट स्वरोजगार र आत्मनिर्भरता तर्फ अग्रसर गराइनेछ । समुदाय तहमा सञ्चालन गरिने पुनर्स्थापना कार्यक्रममा सहकार्य गरिनेछ ।

५.४.५ संघसस्था, क्लवहरुसंग MOU गरी हरेक वडामा सम्भव भएसम्म शारिरिक व्यायाम, खेलकुद र मनोरञ्जन गर्ने खालका मैदान एवं पार्क ,उद्यान निर्माण संचालन र व्यवस्थापन गरिनेछ ।

५.४.६ राष्ट्र र समाजका लागि उल्लेख्य योगदान दिने व्यक्ति व्यक्तित्वको सम्मानमा स्थापना गरिएका विभिन्न खेलकूद कार्यक्रम तथा अन्य क्रियाकलाप सञ्चालनमा सहयोग गर्ने नीति लिइनेछ ।

५.४.७ **“एक वडा–एक खेल मैदान”** को अवधारण अनुरुप मैदान नभएका वडाहरुमा जग्गा पहिचान गरी खेलकुद पूर्वाधार विकास योजना तयार पारि कार्यान्वयनमा पहल गरिनेछ ।

## ५.५ भाषा साहित्य कला संस्कृति प्रवर्द्धन सम्बन्धी नीतिहरुः

५.५.१ भाषा, कला, साहित्य र संस्कृतिको विकास, विस्तार, संरक्षण, सम्वर्द्धन तथा स्रष्टा, सर्जकहरुको वृत्ति विकास, सम्मान तथा कृति प्रकाशन जस्ता कार्य गर्न भाषा, कला, साहित्य र संस्कृति **“नगर प्रज्ञा प्रतिष्ठान”** गठन,

सञ्चालन सम्बन्धी स्थानीय कानूनको तर्जुमा गरी उक्त क्षेत्रको गतिविधि सोही नगर प्रज्ञा प्रतिष्ठान मार्फत सञ्चालन गर्ने प्रबन्ध मिलाइनेछ ।

५.५.२ सबै धर्म र सम्प्रदायको भाषा, संस्कृति, भेषभूषाको संरक्षण र प्रबर्द्धनमा सहयोग गरिनेछ । स्थानीय समुदाय विशेषका संस्कृतिलाई संरक्षण, विकास र प्रवर्द्धनमा प्रोत्साहन गरिनेछ ।

५.५.३ धार्मिक, ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक महत्वका क्षेत्र, सम्पदाको संरक्षण, संवर्द्धन,प्रवर्द्धनमा समुदायको अपनत्व कायम गर्दै स्थानीय आय आर्जन तथा जीविकोपार्जनमा सहयोग पुग्नेगरी कार्यक्रम संचालन गरिनेछ ।

५.५.४ संस्कृति संरक्षण र पर्यटन प्रवर्द्धनका लागि फरक पहिचान र विशेषतायुक्त सांस्कृतिक ग्राम र होम स्टे को स्थापना, संचालन र प्रवर्द्धनमा प्रोत्साहन सहयोग गरिनेछ ।

५.५.५ भाषा साहित्य र कलाको विकास, उन्नयन र प्रवर्द्धन गर्न संवन्धित सरोकारवालासंग समन्वय र सहकार्य गरिनेछ । कला साहित्यको विकासको लागि नाट्यघर संचालनमा सहकार्य गरिनेछ । स्रष्टा सम्मान र उपचार सहयोग कोष परिचालन गरिनेछ ।

५.५.६ ऐतिहासिक जीतगढी किल्ला, मणिमुकुन्द सेनको शीतकालीन दरवार, सिद्धवावा धाम,रामापिथेकस क्षेत्र, नरैनापुर लगायत धार्मिक ऐतिहासिक, पुरातात्विक र सामरिक महत्वका स्थानहरुको संरक्षण र विकासमा जोड दिइनेछ ।

५.५.७ उप महानगर क्षेत्रभित्र रहेका अल्पसंख्यक, मधेशी, मुस्लीम, पिछडावर्ग, थारु, जातजातिका भाषा संस्कृतिको जगेर्ना गर्दै सशक्तिकरण, उत्थान र सामाजिक मूल प्रवाहिकरणका लागि “उत्थान समिति”हरु गठन गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**५.६ जनस्वास्थ्य तथा स्वास्थ्य सेवा प्रवर्द्धन सम्बन्धी नीतिहरुः**

५.६.१ पूर्ण खोप सुनिश्चितता घोषणाको निरन्तरताका लागि खोप सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनेछ । पाँच वर्ष मुनिका बालबालिकाहरुको उपचार व्यवस्था कार्यक्रमलाई विस्तार एवम् थप प्रभावकारी बनाउँदै लगिनेछ ।

५.६.२ सबै वडाहरुमा निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सहज पहुँच हुनेगरी सेवा विस्तारमा जोड दिइनेछ ।

५.६.३ स्वास्थ्य सेवा सर्वसुलभ एवं प्रभावकारी रुपमा प्रवाह गर्न आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन गर्दै स्वास्थ्यकर्मीहरुको सेवा सुविधामा समयानुकूल सुधार गरिनेछ ।

५.६.४ ज्येष्ठ नागरिकको स्वास्थ्य प्रवर्द्धनको लागि नगर प्रमुख ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य अभियान सञ्चालन गरिनेछ ।

५.६.५ पोषणयुक्त खानेकुराको बारेमा सचेतना फैलाउँदै पोषण शिक्षा कार्यक्रमलाई प्रभावकारी र नतिजामुखी बनाउनुको साथै कुपोषित बालबालिकालाई उचित उपचार तथा प्रेषणको प्रबन्ध मिलाइनेछ ।

५.६.६ स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रको भौतिक स्तरोन्नति, औषधि तथा औजार उपकरणको उपलब्धतामा वृद्धि गर्दै लाग्नुको साथै औषधिको भण्डारण तथा ढुवानीलाई थप प्रभावकारी बनाइनेछ । मोतीपुर र सेमलार स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पताल तथा शहरी स्वास्थ्य केन्द्र वडा नं. ११ लाई शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको रुपमा स्तरोन्नतिको लागि पहल गरिनेछ ।

५.६.७ स्वास्थ्य कार्यक्रममा सरकारी, गैरसरकारी र सहकारी क्षेत्रको समन्वय एवं सहभागितालाई जोड दिइनेछ । स्वास्थ्य सेवासँग सम्बन्धित निजी स्वास्थ्य संस्थाहरुलाई व्यावसायिक एवं जवाफदेही बनाई पेसागत स्तरीयता एवं सेवाको गुणस्तर सुनिश्चित गर्न पहल गरिनेछ ।

५.६.८ मातृशिशु स्वास्थ्य प्रवर्द्धनमा प्रभावकारी तथा नतिजामुखी सुधार ल्याउन **"उप-प्रमुखसँग गर्भवती तथा सुत्केरी भेट अभियान"** सञ्चालन गरिनेछ ।

५.६.९ नसर्ने रोगको प्रकोप न्यूनीकरण तथा नियन्त्रण गर्नको लागि विभिन्न स्वास्थ्य प्रबर्द्धनात्मक कार्यक्रममा जोड दिँदै निदानात्मक र उपचारात्मक सेवाको पनि विस्तार गर्दै लगिनेछ ।

५.६.१० आयुर्वेद, योग तथा जीवनशैली व्यवस्थापन र वैकल्पिक चिकित्सा क्षेत्रको प्रबर्द्धन र विस्तार गर्दै लगिनेछ । लुम्बिनी आयुर्वेद औषधालयलाई १५ शैयाको अस्पतालमा स्तरोन्नति गर्न पहल गरिनेछ ।

५.६.११ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउन सबै विद्यालयमा एकजना स्वास्थ्यकर्मीको अनिवार्य व्यवस्था गर्नको लागि पहल गरिनेछ । विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई उच्च प्राथमिकता दिंदै प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

५.६.१२ सरोकारवाला संस्थासँग समन्वय गरी बुटवल उपमहानगनगरबासीको मोती बिन्दुको शल्यक्रिया निःशुल्क गरिनेछ ।

५.६.१३ महिला स्वास्थ्य स्वयंसेविका, टोल विकास संस्था तथा स्वास्थ्य आमा समूहको क्षमता अभिवृद्धि गर्दै स्वास्थ्य जनचेतनामूलक कार्यक्रमहरुलाई जनस्तरसम्म पुऱ्याउन प्रभावकारी रुपमा सामाजिक परिचालन गरिनेछ ।

५.६.१४ महामारी पूर्व तयारी, रोकथाम तथा व्यवस्थापनको लागि विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।

५.६.१५ मेडिकल तथा फार्मेसीजन्य फोहरको दीगो व्यवस्थापनको लागि पहल गरिनेछ । स्वास्थ्य संस्थाको सरसफाईमा विशेष जोड दिँदै उत्कृष्ट काम गर्ने कर्मचारीलाई सम्मान गरिनेछ ।

५.६.१६ खानेपानीको गुणस्तर परीक्षण, तरकारी तथा फलफूल लगायत खाद्य पदार्थमा प्रयोग हुने विषादी नियन्त्रण तथा रोकथामको लागि अनुगमन संयन्त्र निर्माण र परिचालनका साथै सूर्तीजन्य पदार्थको प्रयोगमा कानूनअनुसार प्रभावकारी नियमनको व्यवस्था गरिनेछ ।

५.६.१७ उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्यसंस्था, स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकालाई पुरस्कृत गरिनेछ ।

५.६.१८ बुटवलस्थित विशिष्ट स्वास्थ्य सेवा प्रदान गर्ने अस्पतालहरुसँग समन्वय र सहकार्य गरी पोषण सेवालाई थप प्रभावकारी बनाउनको लागि पहल गरिनेछ ।

५.६.१९ स्वास्थ्य स्वयंसेविका मार्फत सबै घर धुरीमा "नागरिकसँग जनप्रतिनिधि अभियान" सञ्चालन गरिनेछ ।

५.६.२० नगरक्षेत्रमा विक्रि गरिने तरकारी एवं फलफुलमा हुने विषादिको मात्रा परिक्षण गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ ।

५.६.२१ सरुवा रोग, लु, शीतलहर आदि नियन्त्रण गर्न जनचेतनामुलक एवं प्रचारात्मक कार्यहरु गरिनेछ । किटजन्य रोगहरु नियन्त्रण गर्न आवश्यकता अनुसार किट नियन्त्रण र नष्ट गर्ने अभियान सञ्चालन गरिनेछ ।

## ६ वन, वातावरण, फोहरमैला, सरसफाई एवं विपत व्यवस्थापन सम्बन्धी नीतिहरुः

६.१ सामुदायिक वनहरुसँग सहकार्यमा "**एक वन एक पोखरी**" निर्माण कार्यक्रमका लागि (प्रति पोखरी २ लाखका सम्म) अनुदान दिइनेछ । साथै वडा-वडामा पोखरी निर्माण र माछा पालनलाई प्रोत्साहन गरी उत्पादनमा आधारित अनुदान दिने नीति लिइनेछ ।

६.२ सामुदायिक वनहरुसँग समन्वय गरी जलाधार संरक्षण, अग्नी पथ र जङ्गल सफारी ट्र्याक निर्माण गर्न पहल गरिनेछ । हरियाली व्यवस्थापन, सौन्दर्यकरण तथा वातावरण संरक्षण जस्ता कार्यलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

६.३ तिनाउ जलाधार संरक्षणका लागि तिनाउ जलाधार संरक्षण योगदान कोषसँग सहकार्य गरिनेछ ।

६.४ सामुदायिक वनहरुसँग सहकार्यमा कम्पोष्ट प्लान्ट स्थापना गर्न पहल गरिनेछ ।

६.५ हरियाली नगर बुटवलको नारालाई सार्थक गर्दै जैविक विविधता र वातावरणीय संरक्षणका लागि सडकका किनारहरु, सिंचाइ नहरका किनारहरु लगायतका सम्भाव्य स्थानहरुमा फलफूलका बिरुवा वृक्षारोपण गरिनेछ ।

६.६ स्थानीय विपद् व्यवस्थापन विधेयक चालु नगर सभामै पेश गरिनेछ । विपत व्यवस्थापन सम्बन्धी **पूर्व तयारी, उद्धार, राहत, पुनरस्थापना र पुनर:निर्माण** जस्ता कार्यलाई समन्वयात्मक, शीघ्र र सामाजिक न्यायमा आधारित बनाइनेछ ।

६.७ स्थानीय विपद् व्यवस्थापन समितिको गठन गरी विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्यूनीकरण तयारीको कार्य गरिनेछ । विपद् न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्वन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।

६.८ **हाम्रा अस्पताल हामी सफा राख्छौ, हाम्रो बस टर्मिनल हामी सफा राख्छौ, हाम्रा हाटबजार हामी सफा राख्छौं, हाम्रा सडक/पार्क हामी सफा राख्छौं, हाम्रा नदी नाला जल सम्पदा हामी सफा राख्छौ** जस्ता नागरिक सरसफाई अभियान सञ्चालन गरि बुटवलको पहिचान, संस्कार र सभ्यताको महत्व बढाउने कार्यक्रम सञ्चालन गरिनेछन ।

६.९ नगरक्षेत्र भित्र रहेका पेट्रोल पम्प (इन्धन आपूर्ति केन्द्र) मा अनिवार्य रुपमा मापदण्ड अनुरुपको सार्वजनिक शौचालय निर्माण र सञ्चालनमा पहल गर्ने र नगरका विभिन्न स्थानमा सार्वजनिक शौचालय निर्माण र सञ्चालनलाई भरपर्दो बनाउन आय आर्जन सँग जोडि दिगो बनाइनेछ ।

६.१० तिनाउ तथा दानव नदी, सुखौरा, १६/३६ नहर र चार तपाहा सिंचाई प्रणाली, नदी सभ्यता संरक्षण र सरसफाईलाई विशेष प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

६.११ नगरको सरसफाई व्यवस्थापन सामुदायिक संघ संस्था एवं निजी क्षेत्रको सहकार्यमा गर्ने नीति लिइनेछ ।

६.१२ लुम्बिनी बस टर्मिनलमा सरसफाई सँगै यात्रु स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

६.१३ शहरी सौन्दर्यकालागि **"एक घर–दुई विरुवा तथा एक वडा–एक हरियाली पार्क"** कार्यक्रम संचालन गरिनेछ ।

६.१४ सबै सामुदायिक, कबुलियती र राष्ट्रिय बन क्षेत्रको वर्तमान अवस्था र सो को संरक्षण, विकास र सफारी पार्क ब्यवस्थापन तथा सडक किनारामा बृक्षारोपण सम्बन्धमा अध्ययन सहित हरियाली सहर कार्यक्रम संचालन गरिनेछ ।

६.१५ मुख्य बजार क्षेत्रका सडकहरुको सफाईका लागि आधुनिक सरसफाई उपकरण खरिद गरि सफा शहर कार्यक्रम सञ्चालन गरिनेछ ।

६.१६ विपद्को अवस्थामा खोज तथा उद्धारका लागि विपद् व्यवस्थापनमा काम गर्ने विभिन्न सरकारी एवं गैह्र सरकारी निकायहरुसंग समन्वय गरी स्वयंसेवक र उद्धार राहत सामाग्रीहरुको भण्डारण र पूर्व तयारीको व्यवस्था मिलाइनेछ ।

६.१७ उप महानगरपालिका भित्र विभिन्न संघ संस्थाद्धारा संचालित एम्वुलेन्स सेवालाई  व्यवस्थित गर्न समन्वय गरिनेछ ।

६.१८ वारुणयन्त्र सेवा संचालनलाई लागि उपयुक्त स्थानमा व्यारेक समेत वनाई स्थानान्तरण गरी छिमेकी पालिकाहरुसँग सहकार्य र सहभागिताका आधारमा सञ्चालन बन्दोवस्ती मिलाउन पहल गरिनेछ ।

६.१९ भुकम्प अन्य प्रकोप साथै विविध प्रयोजनको लागि खुल्ला क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रमा निर्माण कार्य रोकी खुल्ला क्षेत्र कायम गरिनेछ ।

६.२० फोहर व्यवस्थापन तथा सरसफाई कार्यमा सार्वजनिक निजि साझेदारी, समुदायमा आधारित , सशुल्क फोहर व्यवस्थापनको नीतिलाई निरन्तरता दिदै वडागत रुपमा एकिकृत व्यवस्थापन गर्ने गरी व्यवस्था मिलाउन पहल गरिनेछ ।

६.२१ सडक, नाली, सार्वजनिक  र खुल्ला स्थानमा फोहर फाल्नेलाई कार्वाही गरिनेछ । सो को प्रभावकारी अनुगमन व्यवस्था मिलाइनेछ । सरसफाई र फोहर व्यवस्थापनलाई व्यवस्थित वनाउन वडास्तरमा गठन गरिएका अनुगमन समितिहरुलाई सक्रिय बनाई प्रभावकारीरुपमा परिचालन गरिनेछ ।

६.२२ जैविक अजैविक फोहरलाई उत्पादन तहदेखि नै वर्गिकरण गरी छुट्टाछुट्टै संकलन गर्ने व्यवस्था मिलाइनेछ । जैविक फोहरवाट घरैमा कम्पोष्ट मल वनाउन प्रेरित गरी गमला, कौशी, छत, करेशावारीमा तरकारी खेती गर्न प्रोत्साहित गरिनेछ ।

६.२३ वडा तहमा सामुदायिक कम्पोष्ट प्लान्टको प्रोत्साहन गरिनेछ ।

६.२४ उप महानगरलाई पूर्ण सरसफाईको अवस्थामा पुऱ्याउन सवै वडाहरुमा पूर्ण सरसफाई कार्यक्रम कार्यान्वयन गरिनेछ ।

६.२५ बजार क्षेत्रमा मोवाइल शौचालय व्यवस्थाका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

६.२६ औद्योगिक, हस्पिटलजन्य र रासायनिक फोहरको व्यवस्था सम्वन्धित पक्षले नै गर्नुपर्ने कार्यलाई कडाईका साथ लागु गरिनेछ, सो को लागि आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

६.२७ वातावरणमैत्री शहर, बुटवल उपमहानगर बनाउन फोहर व्यवस्थापन, हरियाली प्रबर्धन, हावापानी स्वच्छन्दीकरण सहित पर्यावरणीय सन्तुलन, वातावरण संरक्षण सम्बन्धी कार्यलाई जोड दिइनेछ ।

६.२८ वातावरण शिक्षा,वातावरण संग सम्वन्धित सन्देशमुलक सामाग्री उत्पादन र प्रचार प्रचार,वातावरणीय सरसफाई, वातावरणमैत्री प्रविधि प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

६.२९ पाल्तु पशुपंक्षीलाई जथाभावी सडकमा छाड्न रोक लगाइनेछ ।

६.३० वातावरण मन्त्रालयवाट स्वीकृत राष्ट्रिय मापदण्ड अनुरुप हुने गरी प्लाष्टिक झोला प्रयोगमा प्रतिवन्ध र पुर्न प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

६.३१ वातावरणमैत्री स्थानीय शासन EFLG अवधारणाका परिसूचकहरुलाई कार्यान्वयन गर्दै नगरलाई वातावरण मैत्री सहर बनाउने नीति लिईनेछ ।

६.३२ जलवायु अनुकुलन सम्वन्धि विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् ।

६.३३ सडक डिभिजन कार्यालय र सहयोगी सस्थांहरुसंग समन्वय गरी बु.उ.म.न.पा.क्षेत्रभित्र पर्ने सिद्धार्थ राजमार्ग र पूर्व पश्चिम राजमार्गको दांयावांया हरियाली र सौन्दर्य प्रवर्द्धन गर्ने गरी उपयुक्त प्रजातीका विरुवाहरु लगाइनेछ । सो को सरक्षणमा सम्वन्धित सरोकारवालाहरु र टोल विकास संस्थाहरुलाई परिचालन गरिनेछ । ३ वर्षसम्म रुखविरुवा संरक्षण गरी हुर्काउने उत्कृष्ट संरक्षकलाई पुरस्कृत गरिनेछ ।

६.३४ **एक घरः दुई बिरुवा** अभियानलाई प्रभावकारी वनाई सार्वजनिक जमिन, नदी किनाराहरु, सडक किनारमा वृक्षरोपण गर्ने गराउंने र संरक्षण गर्ने कार्यमा टोल विकास संस्थाहरुलाई परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६.३५ वन, वन्यजन्तु, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्वन्धि कार्ययोजना वनाई कार्यान्वयन गरिनेछ ।

६.३६ उपमहानगर भित्रको शिवनगर सामुदायिक वन क्षेत्रमा रामापिथेकश जिओलोजिकल पार्क र सिद्धवावा धार्मिक वनलाई रामापिथेकश बोटानिकल पार्कको रुपमा विकास गर्न प्रेरित गरिनेछ ।

६.३७ निजी तथा व्यवसायिक वन बिउ, वगैचा स्थापना गर्नेलाई प्रोत्साहित गरिनेछ । वन क्षेत्रलाई डढेलो, अतिक्रमण, चरिचरण र चोरी निकासीबाट प्रभावकारी ढंगले संरक्षण गर्न उपभोक्ताहरुलाई परिचालन गरिनेछ ।

६.३८ चुरे क्षेत्रको वन हरियालीबाट नगरवासीलाई स्वच्छ हावा प्रवाह सहित वातावरणीय सन्तुलन कायम राख्न, पानीको स्रोत संरक्षण लगायतका जलाधारिय सेवा तथा हरियाली प्रवर्द्धन मार्फत सौन्दर्यता वृद्धि लगायतका

वातावरणीय सेवा उपलब्ध भएकामा ती वन क्षेत्रको संरक्षणमा टेवा पुऱ्याउन वातावरणीय सेवा भुक्तानीको नीति लागु गरिनेछ ।

६.३९ जीव अस्तित्व र मानव सभ्यतासंग जोडिएका जलसम्पदा वचाउंन नदी, नाला खोला खोल्सीहरुको प्रवाहलाई पूर्ण खुल्ला रहन दिने र जल स्वच्छता कायम गर्ने नीति लिइनेछ । स्वच्छ पिउने पानीको उपलब्धता सुनिश्चित गरिनेछ ।

७. आर्थिक बर्ष २०७४/०७५ मा सम्पन्न प्रथम नगरसभाबाट पारित गरिएका समय सान्दर्भिकता रहिरहेका नीति तथा कार्यक्रमहरुलाई यसै नीति तथा कार्यक्रमको अभिन्न अंगको रुपमा समावेश गरिएका छन् ।

८. उल्लेखित नीति तथा कार्यक्रम र सोही आधारमा निर्माण हुने आ.व.०७५/०७६ को बजेट कार्यक्रम सफल कार्यान्वयनबाट **"सबल आर्थिक केन्द्र समुन्नत बुटवल," "सम्वृद्ध बुटवल, सुखी बुटवलवासी"** को महाअभियानलाई सार्थकता दिन सकिन्छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

९. नीति तथा कार्यक्रम केही महत्वाकांक्षी देखिए तापनि आमनगरवासी, उद्योगी, व्यापारी, व्यवसायी, सामुदायिक तथा सामाजिक संघ संस्था, प्रदेश सरकार, संघीय सरकार, प्रदेश तथा संघीय सभाका माननीय सांसदज्यूहरु, राजनीतिक दल एवं सञ्चार क्षेत्रको साथ सहयोग खबरदारी र प्रेरणा एवं सुझाव, र नगरसभा सदस्यहरु र कर्मचारीहरुको आपसी विश्वास सहयोग र एकताबाट मात्रै प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयन गर्न सकिने विश्वास लिइएको छ ।

धन्यवाद ।

**आज्ञाले**

प्रमाणीकरण मितिः २०७५/०३/२९

**राजनकुमार बि.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**